# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्न हुन अनुरोध गरिन्छ ।
प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १० | अंक १८१ | काठमाडौं | शनिबार, ४ कात्तिक २०८० | Prabhab National Daily | Saturday, October 21, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-







### प्रकाशन स्थगन हुनेबारे सूचना

विजया दशमीको बिदाका कारण यस प्रभाव दैनिकको प्रकाशन यही कात्तिक ५ देखि ११ गतेसम्म स्थगन हुने छ । कात्तिक १२ गतेदेखि हामी पुनः नियमित प्रकाशनमा आउने जानकारी गराउँदछौं ।

**प्रभाव पब्लिकेसन प्रा.लि.**

### यस भित्र


■ तन्नेरी नहुँदा गाउँमा छैन दसैंको रौनक -पृष्ठ ३ मा

■ चाडपर्वमा हराउँदै लोकपरम्पराः न 'झिझिया नृत्य' न 'दसैंके ढोल' -पृष्ठ ४ मा





■ **प्रभाव संवाददाता**

**काठमाडौं–** हिन्दू धर्मावलम्बीहरूको महान् पर्व दसैं भित्रिसकेको छ । दसैंले गाउँसहरलाई छपक्कै छोपेको छ । देश तथा विदेशमा रहेका हिन्दूधर्मावलम्बी नेपालीहरू दसैं मनाउने अन्तिम तयारीमा जुटिसकेका छन् । विदेशमा रहेकाहरू दसैं मनाउन घर फर्किएका छन् । विभिन्न पेसा, व्यवसाय तथा अध्ययनको सिलसिलामा काठमाडौंलगायत सहरी क्षेत्रमा बस्दै आएकाहरू दसैं मनाउन आफ्नो गाउँघर फर्किनेक्रम जारी छ । सहरी क्षेत्र सुनसान बन्दै जाँदा गउँघरमा चहलपहल बढेको छ ।

वडादसैंअन्तर्गत आज फूलपाती । दसैंको सातौं दिन । सप्तमी तिथिमा पर्ने यस दिन बडादसैंको महत्त्वपूर्ण दिन पनि हो । घटस्थापनाका दिन राखिएको जमरा र फूलपातीलाई आज दसैंघरमा भित्रचान्छ । कालरात्री देवीको पूजा अर्चना गरिनुका साथै नेपालीका घरघरमा फूलपाती भित्रचान्छ ।

दसैंघरमा उखुको बोट, केराको बोट, बेलपत्र, दारिम, अशोक, बेल, मानक, कर्चुर, धानको बोट, जयन्ती, धानको बाला, अशोकको पात, अदुवाको बोट र नयाँ फलफुलका पालुवालाई शुभ साइतका रूपमा फूलपाती मानेर भित्रचान्छ । काठमाडौंको वसन्तपुरमा भने गोरखा दरबारको दसैंघरबाट ल्याइएको फूलपाती परम्पराअनुसार नै भित्रचान्छ । गोरखाबाट धादिङको जीवनपुर हुँदै काठमाडौंको जमलसम्म ल्याइएको फूलपातीलाई नेपाली सेना तथा प्रहरीको पल्टन, निजामती उच्चपदस्थ कर्मचारीहरू, आशागुर्जा टोली, ब्याण्डबाजा, पञ्चेबाजासहित सिंगारिएका कलस्यौलीहरू, सांस्कृतिक झाँकी र पाँचजना गुरु पुरोहितको समूहले हर्ष बढाइँका साथ बसन्तपुर हनुमानढोकास्थित दसैंघरमा भित्रचाउँछन् ।

■ सैनिक मञ्च टुँडिखेलमा आज फूलपाती बढाइँ

■ शुक्रबार बिहानसम्ममा चार लाख ६६ हजारले उपत्यका छाडे

■ विजया दशमीको उत्तम साइत कात्तिक ७ गते बिहान ११:०२ बजे

यसैगरी गोरखा दरबारमा भने साइत हेरी भृकुटी सुसारेहरूले दरबार क्षेत्रमा रहेको जंगलबाट ल्याएका नवपत्रिका अर्थात् नौ खालका फूलहरू- जयन्ती, अशोका, वेलपत्र, केरा, उखु, सामा, धान, फुन्द्रेका फूल सतिपिपलको निसान सिंगार्ने चौतारोमा राख्ने र गोरखा दरबारबाट बाजागाजासहित आएका कलस्यौडीहरूले मालश्री गीत गाउँदै बाजा बजाउँदै फूलपातीलाई डोलीमा राखेर गोरखा दरबारमा भित्रचाउने गर्दछन् । फूलपाती दरबारभित्र भित्रचाउँदा कालो बोकाको बली दिने चलन रहेको छ । त्यसैगरी आज देशभरिका प्रमुख शक्तिपीठ, देवी मन्दिर, नेपाली सेना तथा प्रहरीका तल्लोदेखि उपल्लो तहका अड्डाहरूमा बढाइँका साथ फूलपाती भित्रचाउने चलन रहेको छ । फूलपाती (बाँकी पृष्ठ २ मा)

## तयार भयो नवदुर्गाको ख्वापा

प्रत्येक वर्ष नयाँ बनाउनुपर्ने ख्वापा तयार नभए नवदुर्गा नाचसमेत प्रभावित हुन्छ । विजयादशमीको दिन नवदुर्गा देवगणले सिद्धि प्राप्त नगरे भक्तपुरको बडादसैं अपूर्ण हुने र यसले भक्तपुर नगरका साथै उपत्यकाको विभिन्न स्थानको सांस्कृतिक जीवनसमेत प्रभावित हुने संस्कृतिविद्हरूको भनाइ छ ।



**भादगाउँ (भक्तपुर)–** भक्तपुरको ऐतिहासिक र धार्मिक महत्त्व बोकेको तान्त्रिक नाच नवदुर्गा देवगणको ख्वापा (मुकुण्डो) तयार भएको छ । भक्तपुर याछेंका ७७ वर्षीय पूर्ण चित्रकारले तीन महिनाको प्रयासपछि नवदुर्गा देवगणको १३ वटा ख्वापा तयार गरेका हुन् ।

तयार भएको ख्वापालाई बडादसैंको महानवमीको साँझ याछेंस्थित पूर्ण चित्रकारको घरमा स्थानीयलाई दर्शनका लागि प्रदर्शनीमा राख्छ । यसरी राखिएको ख्वापालाई देवगण बन्ने गाथा (वनमाला) समूहले परम्परागत पूजासहित लिन आउने परम्परा छ ।

प्रत्येक वर्ष नयाँ बनाउनुपर्ने ख्वापा तयार नभए नवदुर्गा नाचसमेत प्रभावित हुन्छ । विजयादशमीको दिन नवदुर्गा देवगणले सिद्धि प्राप्त नगरे भक्तपुरको बडादसैं अपूर्ण हुने र यसले भक्तपुर नगरका साथै उपत्यकाको विभिन्न स्थानको सांस्कृतिक जीवनसमेत प्रभावित हुने संस्कृतिविद्हरूको भनाइ छ । ख्वापा बनाउने कार्यको शुभारम्भ घण्टाकर्ण चतुर्दशीका दिन गरिन्छ ।

### मुकुण्डो यसरी बनाइन्छ

नवदुर्गाको ख्वापा बनाउन 'बोचा' भनिने विशेष किसिमको माटो प्रयोग हुन्छ । सुकाएको माटोलाई धुलो पार्ने गरी कुटेपछि त्यसलाई मैदा र पानीको माडमा मुछिन्छ । मुछिएको माटोलाई डल्ला-डल्ला बनाई राखिन्छ । डल्लो सुकेपछि कपास र नेपाली कागज राखी फुटाएर ख्वापा बनाउने कार्य सुरु हुने पूर्ण चित्रकारको भनाइ छ । 'बनाइसकेको ख्वापा घाममा सुकाउनु हुँदैन हावाले मात्र सुकाउनुपर्छ । एउटा मुकुण्डो सुकाउन कम्तीमा दुई हप्ता लाग्छ,' चित्रकारले भने ।

ख्वापा बनाउन बोचासहित विभिन्न किसिमका ढुंगाबाट बनेको रङ, सुन, मैदा, मट्टितेल, कपास, नेपाली कागज, जुटको बोरा, कोरा कपडालगायतका सामग्री आवश्यक पर्दछ । हेर्दा सजिलो लाग्ने तर अत्यन्त कठिन कार्य भएकाले कामदार पाउन निकै मुस्किल हुने चित्रकारले बताए ।

### तन्त्र प्रधान र गोप्य विधि

नवदुर्गा देवगणको नाचमात्र होइन यसको ख्वापा निर्माणदेखि सिद्ध प्राप्तिसम्मको कार्यमासमेत तान्त्रिक विधि, विधानअनुरूप पूजा गर्ने परम्परा छ । शुभसाइत हेरेर ल्याएको ख्वापा बनाउने (बाँकी पृष्ठ २ मा)






**मैतिदेवी मन्दिर** | काठमाडौंको मैतिदेवी मन्दिरमा शुक्रबार पूजा तथा दर्शन गर्न लामबद्ध भक्तजन । *तस्बिरः हरिराम भेटुवाल/रासस*

# दसैंका यात्रु बोक्ने चालकले लापसे गरेको भेटियो

**काठमाडौं (प्रस)–** दसैंका अवसरमा यात्रु बोक्ने सार्वजनिक सवारीसाधनका चालकले लागुपदार्थ सेवन (लापसे) गरेर गाडी चलाएको भेटिएको छ । चाडपर्व लक्षित विशेष जाँच अभियानका क्रममा काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले यसरी लापसे गरेर सवारी चलाउने चार जनालाई पक्राउ गरेको हो । तीमध्ये दुई जना ट्रकका चालक भए पनि दुई जना भने दसैंका यात्रु बोक्ने बसका चालक रहेका छन् ।

विशेष जाँच अभियानका क्रममा क्रममा काठमाडौंको नागढुंगामा लागुपदार्थ सेवन (लापसे) गरी सवारीसाधन चलाउँदै गरेका उनीहरूलाई पक्राउ गरी कारबाही अघि बढाइएको कार्यालयका प्रवक्ता तथा प्रहरी वरिष्ठ उपरीक्षक राजेन्द्रप्रसाद भट्टले शुक्रबार जानकारी दिए ।

उनका अनुसार ना ७ ख ५३२ नम्बरका ट्रकचालक धादिङको थाक्रे गाउँपालिका–२ का २९ वर्षीय रामकुमार सुवेदी, बा ४ ख ५७४८ नम्बरका बसचालक काठमाडौंको तारकेश्वर नगरपालिका–१ का २६ वर्षीय दीपेश सापकोटा, प्रदेश ३०१००६ ख २५४६ नम्बरका ट्रक चालक काभ्रेपलाञ्चोकको भुम्लु गाउँपालिका–९ का ३१ वर्षीय रामकुमार गौतम र ना ६ ख ९६९३ नम्बरका बस चालक कैलालीको धनगढी उपमहानगरपालिका–१ बस्ने ४४ वर्षीय दीप श्रेष्ठलाई ट्राफिक प्रहरीले नियन्त्रणमा लिएको हो ।

नियन्त्रणमा लिइएका चारै जनालाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि प्रहरी वृत्त थानकोट पठाइएको उनले बताए । आफू सवार सवारीसाधनका चालकले लागुपदार्थ तथा मादकपदार्थ सेवन गरेको शंका लागेमा र यात्राका क्रममा कुनै समस्या परेमा यात्रुले तत्काल नजिकैको यात्रु सहायताकक्ष, ट्राफिक कन्ट्रोल रूमको हटलाइन नं १०३ र प्रहरीको हटलाइन नं १०० मा खबर गर्नसमेत ट्राफिक प्रहरीले अनुरोध गरेको छ ।

हिन्दूहरूको महान् चाड विजयादशमी, शुभ दीपावली र छठ पर्वलाई मध्यनजर गरी काठमाडौं उपत्यकाको विभिन्न स्थानमा ट्राफिक प्रहरीले विशेष जाँच अभियान चलाइरहेको छ । चाड पर्व मनाउन उपत्यकाबाहिर जाने यात्रुको सुरक्षा, सहज आवातजावत, सवारी चाप व्यवस्थापन तथा चाडपर्वलाई दुर्घटनारहित बनाउने उद्देश्यले उपत्यकाका विभिन्न स्थान तथा नाकामा मापसे, लापसेलगायतका अन्य विशेष सवारीसाधन तथा चालकमाथि ट्राफिक प्रहरीले जाँच गर्दै आएको छ ।

चाडपर्वको मौका छोपी सवारीसाधनको क्षमताभन्दा बढी यात्रु राख्ने, बढी भाडा लिने, टिकटमा कालोबजारी गर्ने र यात्रुलाई गन्तव्यमा नपुर्‍याई बाटोमै अलपत्र पार्नेजस्ता कार्यको अनुगमनका लागि सादा पोसाकमासमेत ट्राफिक प्रहरी परिचालन गरिएको भट्टले बताए । प्रहरीले काठमाडौं उपत्यकाको १६ स्थानमा राखिएका यात्रु सहायता कक्षमार्फत यात्रुलाई परेका विभिन्न समस्या समाधानसमेत गरिँदै आएको पनि प्रवक्ता भट्टले जानकारी दिए ।

## शुभ..

पृष्ठ १ बाट जारी

भित्रचाउने साइतअनुसार सैनिक मञ्च टुँडिखेलमा नेपाली सेनाले फूलपातीको बढाइँ प्रस्तुत गर्ने गर्दछन् । नेपाली सेनाको टुकडीले तोप पड्काउँदै हर्ष बढाइँ गर्ने प्रचलन परम्परादेखि नै चल्दै आएको छ । उक्त बढाइँको राष्ट्र प्रमुखका हैसियतले राष्ट्रपतिसहित उच्च पदस्थ व्यक्तित्वहरूले प्रत्यक्ष अवलोकन गर्दछन् ।

**धमाधम उपत्यका छाड्दै**

फूलपातीसँगै दसैं पूर्णरूपमा सुरु हुन्छ । फूलपातीका दिनदेखि सरकारी कार्यालय, बैंक तथा वित्तीय संस्था, शिक्षण संस्था, गैरसरकारी संघसंस्थाहरू बिदा हुने गर्दछन् । यसो हुँदा मानिसहरू फुर्सदिला भई टाढाटाढा रहेका आफ्ना घर जाने मौका पाउँछन् । दसैं मान्न घर फर्किनेहरूको भीडले यातायातका साधन भरिभराउ हुन जान्छन् । बजारहरूमा विशेष चहलपहल सुरु हुने र नयाँ–नयाँ अनुहारका मानिसको आवतजावतले रमाइलो अनुभूति गराउँदछ । फूलपातीकै दिनदेखि गाउँघर सहरबजारमा रोटे र लिंगे पिङ हाल्न थालिन्छ ।

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक राजेन्द्रप्रसाद भट्टका अनुसार घटस्थापनापछि शुक्रबार बिहानसम्ममा चार लाख ६६ हजारले काठमाडौं उपत्यका छाडेका छन् ।

भट्टका अनुसार असोज २८ गते ५१ हजार २७९ र त्यसको भोलिपल्ट ५१ हजार ३८७ जनाले उपत्यका छाडेकामा त्यसपछि भने त्यो संख्या बढेको हो । असोज ३० गते ७३ हजार ८९६, कात्तिक १ गते ९१ हजार १०२ र २ गते ९८ हजार ३३२ जनाले उपत्यका छाडेका छन् । निजी सवारीसाधनमार्फत जानेहरूको संख्या गणना नहुने भएकाले अझै धेरै संख्यामा नागरिकले उपत्यका छाडेको प्रहरीले जनाएको छ ।

**भोलि अष्टमी, पर्सि नवमी**

महाअष्टमी अर्थात् नवरात्रिको आठौं दिन, नवरात्रिभरि माता दुर्गाका नौ वटा रूपहरू शैलपुत्री, ब्रह्मचारिणी, चन्द्रघण्टा, कुष्माण्डा, स्कन्दमाता, कात्यायनी, कालरात्रि, महागौरी र सिद्धिदात्रीको पूजा–अर्चना गरिन्छ ।

यस दिन दुर्गाको आठौं स्वरूप महागौरीको विधि विधानअनुसार पूजा अनुष्ठान गर्ने गरिन्छ ।

यस उपलक्ष्यमा दसैंघर र कोतलगायत मुलुकका विभिन्न शक्तिपीठमा बलिसहित पूजाअर्चना तथा दुर्गा सप्तशती पाठ गर्ने गरिन्छ । बिहान सबेरैदेखि विभिन्न शक्तिपीठहरूमा बलि चढाउने र पूजा आराधना गर्नेहरूको घुइँचो लाग्छ ।

त्यसैगरी सोमबार नवरात्रीको नवौं दिन अर्थात् महानवमी । यस दिन महालक्ष्मी देवीको पूजाआजा गरी मनाइन्छ । महानवमीका दिनमा घटस्थापनाका दिनमा राखिएको जमरा विभिन्न शक्तिपीठमा लगी चढाइन्छ ।

यसै दिन बिहान कलपूर्जा, हातहतियारहरू तथा सवारीका साधनहरू आदिलाई बली दिई विश्वकर्माको पूजा पनि सम्पन्न गरिन्छ । दसैंघर र कोतलगायत राज्यका विभिन्न देवी मन्दिर र शक्तिपीठमा बोका, हाँस, कुखुरा र राँगाको बलिसहित दुर्गा भवानीको विशेष पूजा आराधना र दुर्गा सप्तशती, श्रीमद् देवी भागवत एवं देवी स्तोत्र पाठ गरिन्छ । महानवमीका अवसरमा कोहरूमा हर्षबढाइँका साथ कोतपूजा र निशाना पूजा पनि गरिन्छ ।

हनुमानढोकामा रहेको तलेजु भवानीको मन्दिर पनि महानवमीकै दिन खुल्ने गर्दछ । वर्षमा एक दिन मात्र खुल्ने भएकाले यस दिन यहाँ दर्शनार्थी एवं पूजा गर्ने भक्तजनको भीड लाग्ने गर्छ ।

**टीकाको उत्तम साइत ११:०२ बजे**

यसपटक विजया दशमीको मुख्य दिन अर्थात् टीका कात्तिक ७ गते परेको छ । उक्त दिन बिहान ११:०२ बजे टीकाका लागि उत्तम साइत रहेको नेपाल पञ्चांग निर्णायक समितिले जनाएको छ । यद्यपि, उक्त दिन आफ्नो अनुकूलतामा मान्यजनबाट टीका थाप्न सकिने समितिको भनाइ छ ।

कात्तिक ७ गते विजया दशमीका दिन बिहान १०:३७ बजे देवी विसर्जनको साइत रहेको छ । देवी विसर्जन सकेपछि दुर्गाको प्रसाद ग्रहण गर्न दिनभर कुनै बाधा नभए पनि साइत खोज्नेका लागि बिहान ११:०२ बजेको साइत दिइएको समितिले जनाएको छ । यसपटक राष्ट्रपति रामचन्द्र पौडेलले सर्वसाधारणलाई टीका लगाइदिने राष्ट्रपतिको कार्यालयले जानकारी दिएको छ ।

## तयार..

पृष्ठ १ बाट जारी

माटोलाई समेत थप साइतमा बाजागाजासहितको टोलीले पूजा गर्नुपर्ने परम्परा छ ।

तन्त्र विद्या प्रधान नाच नाच्ने भएकाले ख्वापा निर्माण गरेको दृश्य जो–कोहीले हेर्न नहुने चित्रकार बताउँछन् । ख्वापालाई अन्तिम रूप दिने क्रमका केही सीप गोप्य राखी परिवारलाई समेत थाहा नदिई आफूसँग मात्र राख्नुपर्ने चित्रकारले बताए ।

काका विष्णुबहादुर चित्रकारबाट गोप्य तरिकाले सीप प्राप्त गरेका चित्रकारले गोपनीयताका लागि केही वर्षसम्म सञ्चारकर्मीलाई समेत तस्बिर खिच्न मनाही गरेको बताए । 'समयअनुसार अहिले केही खुकुलो बनाउँदै लगेको छु खास सीप आफूसँग राखेर अरु धेरै कुरा खुला गरेको छु,' उनले भने, 'धेरै गोप्य बनाउँदा ख्वापा बनाउने कार्य र जात्रा नै संकटमा पर्न सक्ने भएकाले केही खुकुलो बनाएको हुँ ।'

**२५ लाखको अक्षयकोष**

यो वर्ष नवदुर्गा देवगणको १३ वटा ख्वापा बनाउन यस वर्ष करिब साढे तीन लाख खर्च भएको पूर्ण चित्रकारले जानकारी दिए । ख्वापा तयार गर्न सबैभन्दा बढी कालिगढको ज्यालामै खर्च हुने गरेको र यसको रङरोगनमा पनि उत्तिकै खर्च हुने गरेको उनले बताए ।

खर्च व्यवस्थापनका लागि पूर्णले २०३६ सालदेखि अनेक समस्या झेल्दै आएको बताउँछन् । उनका अनुसार २०३६ सालमा मुकुण्डो बनाउन गुठी संस्थानबाट वार्षिक ६०४ रूपैयाँ सहयोग गरेको थियो । त्यो रकम बढेर २०४५ सालमा पाँच हजार, २०६८ सालदेखि १५ हजार रूपैयाँ दिन थालेको छ । यो वर्ष ७० हजार रूपैयाँ दिएको छ । त्यसैगरी केही वर्षदेखि संस्कृति मन्त्रालयले वार्षिक ५० हजार रूपैयाँ दिन थालेको छ । नपुग अन्य रकम सहयोगी आफन्त साथीभाइसँग सहयोग लिने गरेको उनले बताए । ख्वापा निर्माणको खर्च जोहो गर्न अक्षय कोषसमेत स्थापना गरिएको छ । कोषमा २५ लाख रूपैयाँ नगद जम्मा भइसकेको छ ।

**मानवीय जीवनमा गरिने सबै संस्कार र भावप्रधानयुक्त नवदुर्गा नाच**

नवदुर्गा नाच तान्त्रिक विधि विधानमात्र नभएर मानवीय जीवनमा गरिने सबै संस्कार र भावप्रधानयुक्त नाच हो । जसमा बोलेरभन्दा पनि निश्चित भाव संकेतद्वारा संवाद प्रस्तुत गरिन्छ । नेवार समुदायमा झल्किने शक्तिशाली पारिवारिक अनुशरणको संकेत यो नाचमा प्रस्तुत गरिएको हुन्छ ।

नवदुर्गा नाचले मल्लकालीन समयको संयुक्त परिवारलाई इंगित गर्ने इतिहासविद् एवं संस्कृतिविद् प्रा.डा. पुरुषोत्तमलोचन श्रेष्ठले बताए । प्रा.डा. श्रेष्ठका अनुसार समाजमा घरमुली (नंकी)को दायित्व र महत्त्वसँगै तीनको भूमिकालाई हरेक दृष्टिले उच्च स्थानमा राखेको हुन्छ । यसमा नंकीले १८ जना देवगण सदस्यलाई नवदुर्गा देवगृहमा भित्र्याउनेदेखि निष्कासित गर्नेसम्मको कार्यभार सम्हाल्छ । नेवार समुदायमा र संस्कारमा नंकी प्रधान भन्ने सन्देश नवदुर्गा देवगण नाचले दिने गरेको प्रा.डा. श्रेष्ठको भनाइ छ ।

मुख्यतया नगदुर्गा देवगणमा बाजागाजासहित १९ जनाको समूह हुन्छ । जसमध्ये १३ जना देवी–देवता हुन्छ । नगदुर्गा देवगणमा काठको सानो मन्दिर हुन्छ, जसलाई सिफोद्यः (महालक्ष्मीको प्रतीक) हो । यो नाचमा देवगणले भैरव (कालभैरव) एक, महाकाली एक, बाराही एक, ब्रह्मायणी एक, महेश्वरी एक, कुमारी एक, वैष्णवी एक, इन्द्रायणी एक, गणेश एक, महादेव एक, श्वेतभैरव एक, सिम्ह दुम्ह (नन्दी भृंगी) दुई गरी १३ वटा मुखुण्डो प्रयोग गरी नाच प्रदर्शन गरिन्छ । नवदुर्गा देवगणमा १३ मुखुण्डो, खिं बाजा, तः बाजा, कायँःबाजा, महापात्र र नकींगरी १९ जनाको समूह हुन्छ । *रासस*

## तीन सडक खण्ड एकतर्फी

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिकाभित्रका तीन सडक खण्ड बुधबारदेखि एकतर्फी सञ्चालनमा आएको छ । कमलादी मोडबाट प्रज्ञा भवन हुँदै घण्टाघर निस्किने सडक र दरबारमार्गस्थित महेन्द्र सालिकबाट कृष्णपाउरोटी चोकभन्दा तल (काठमाडौं प्लाजा) पुग्ने सडक एकतर्फी सञ्चालन गरिएको काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता तथा प्रहरी वरिष्ठ उपरीक्षक राजेन्द्रप्रसाद भट्टले जानकारी दिए ।

उनका अनुसार त्रिपुरेश्वरतर्फबाट काठमाडौं–ललितपुर जोड्ने नयाँ पुल (विश्व निकेतन) हुँदै गुसिङगाल निस्किने सडक एकतर्फी बनाइएको छ । 'त्रिपुरेश्वरतिरबाट प्रवेश गर्न पाइए पनि ललितपुरतर्फबाट त्रिपुरेश्वरतिर आउँदा नयाँ पुल कटेर बायाँतर्फ मोडिएर आउनुपर्ने छ,' भट्टले भने, 'त्रिपुरेश्वरबाट ललितपुरतिर जाँदा मिलन टोल, नयाँ पुल हुँदै जानुपर्ने छ ।'

प्रज्ञाभवन हुँदै कमलादी मोडतर्फ आउन पाइने छैन र पुतली सडकबाट काठमाडौं प्लाजा हुँदै हात्तीसारतर्फको सडक खण्डमा अब काठमाडौं प्लाजाबाट बायाँ मोडिएर महेन्द्र सालिकतर्फ जान पाइने छैन ।

सडक एकतर्फी बनाइएको जानकारी दिनका लागि सडक क्षेत्रमा ट्राफिक प्रहरी र महानगरपालिकाका प्रहरी टोली खटाइएको प्रवक्ता तथा प्रहरी वरिष्ठ उपरीक्षक भट्टले बताए ।

PRABHU HOLDINGS LIMITED

**कम्पनीको नाम परिवर्तन भएको सूचना**

**प्रथम पटक प्रकाशित मिति : कात्तिक ४, २०८०**

यस कम्पनीको मिति वैशाख १९, २०८० मा सम्पन्न विशेष साधारण सभाको निर्णय अनुसार साविक प्रभु होल्डिङ्स लि. मा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर एवं दायित्व परिवर्तित प्रभु होल्डिङ्स एण्ड हाईड्रो डेभलपमेन्ट कम्पनी लि. ले व्यहोर्ने गरी मिति २०८०/०७/०२ गते नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयबाट परिवर्तित नाममा स्वीकृति प्राप्त भएकोले सम्पूर्ण सरोकारवालाहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

HYDRO HOLDINGS LIMITED

**कम्पनीको नाम परिवर्तन भएको सूचना**

**प्रथम पटक प्रकाशित मिति : कात्तिक ४, २०८०**

यस कम्पनीको मिति वैशाख १९, २०८० मा सम्पन्न विशेष साधारण सभाको निर्णय अनुसार साविक हाईड्रो होल्डिङ्स लि. मा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर एवं दायित्व परिवर्तित हाईड्रो होल्डिङ्स एण्ड पावर डेभलपमेन्ट कम्पनी लि. ले व्यहोर्ने गरी मिति २०८०/०७/०२ गते नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यलयबाट परिवर्तित नाममा स्वीकृति प्राप्त भएकोले सम्पूर्ण सरोकारवालाहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८०/०७/०४**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम उत्पादन भएको घाटगद्दीमा रहेको साल ४२ थान र असना ३९ थान जातको गोलिया ८१ थान को १३७७.७८ घनफिट काठ र साल १ असना १ गरि दाउरा २ चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम व्यक्ति, फर्म, संघसंस्था वा कम्पनीले गोलिया काठ दाउराको सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री शिवशक्ति सामुदायिक वन उपभोक्ता समूह**
**गौरीगंगा न.पा.८, कैलाली**

**निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

(सूचना प्रकाशित मिति २०८०/०७/०४ गते)

श्री श्याम सुन्दर शर्माको नाती, श्री बैधनाथ शर्माको छोरा, सूनसरी जिल्ला धरान वंडा नं ०१, बस्ने श्री बिकास शर्माको मिति २०८०/०१/१४ गते मा मृत्यु भएकोले निजको नाममा यस बैंकको शाखामा रहेको संयुक्त बचत खाता नं. २५४०२६५०९६४०००01 विकास शर्मा र पंकज शर्मा को नाममा मौज्दात रहेको रकम भुक्तानी पाउँ भनि निज खातावालको भाई पंकज शर्माले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदको बाहेक अन्य कसैको हकदावी भए यो सुचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र अग्राधिकारवाला हकदारहरुले सबुत प्रमाण सहित दाबी गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ । म्याद भित्र प्राप्त नभएको र रित नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सुचना द्वारा जानकारी गराइन्छ ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय धरान, सूनसरी फोन नं. ०२५– ५२१७४३/५२७३४३**

**कार्यक्रमको नाम परिवर्तन सम्बन्धमा दाबी विरोध गर्ने सूचना**

(प्रथम पटक प्रकाशित मितिः २०८०/०७/०१) (दोश्रो पटक प्रकाशित मितिः २०८०/०७/०२)
(तेश्रो पटक प्रकाशित मितिः २०८०/०७/०४)

मिति २०८०/०६/१२ को सञ्चालक समितिको निर्णय बमोजिम पाटन कलेज फर प्रोफेशनल स्टडिज प्रा.लि. (प्रा.लि. नं. १०६३६५/०६९/०७०) र यस अन्तर्गत सञ्चालित संस्था, पाटन कलेज फर प्रोफेशनल स्टडिजमा हाल संचालनमा रहेका कार्यक्रमहरु विश्वविद्यालय (University of Bedfordshire) ले B. Sc (Hons.) Computer Science & Software Engineering को कार्यक्रम B. Sc (Hons.) Computer Science मा परीवर्तन गर्ने भएकोले सो अनुसार यस कलेजमा सोही अनुसार परिवर्तन गर्ने निर्णय भई प्रक्रिया अगाडि बढेकाले त्यसमा कसैको दाबी विरोध भएमा कार्यालय समय भित्र कम्पनीको कार्यालयमा वा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, उच्च शिक्षा शाखामा प्रथम पटक प्रकाशित मितिले ३५ दिनभित्र सम्पर्क गरी निवेदन दिनुहुन यसै सूचना साथ अनुरोध गरिन्छ ।

**पाटन कलेज फर प्रोफेशनल स्टडिज प्रा.लि.**
ल.म.न.पा, वडा नम्बर १०, कुपण्डोल, ललितपुर । फोन नं. :०१५१८१०३३



**राजदेवी मन्दिर** | विजयादशमीको अवसरमा सजाइएको जनकपुरधामको राजदेवी मन्दिर र मन्दिरमा दर्शनका लागि आएका दर्शनार्थीको घुइँचो । *तस्बिरः टीकाराम सुनार/रासस*

# तन्नेरी नहुँदा गाउँमा छैन दसैंको रौनक

**गलेश्वर (म्याग्दी)**– उत्तरतर्फ हेर्दा टलक्क टल्कने हिमाल । पूर्वतर्फ बागलुङको पञ्चकोट । हेर्दाखेरि निकै सुन्दर र मनमोहक लाग्छ ज्यामरुककोट । खेतका फाँटमा पहेलै पाकेका धान र धान थन्क्याउन लागेका महिला तथा पाका किसान । बेफुर्सदिला छन् उमेरले ५० काटेका पाका गाउँलेहरू पनि ।

केही वर्षअघि सम्म म्याग्दीको बेनी नगरपालिका-२ ज्यामरुककोटको भकुण्डे, सानालेख, गौश्वारा र फापरखेतमा सोह्रश्राद्ध नसकिँदै लिंगे पिङ हालेर युवाहरू दसैंको तयारी गरिसक्थे । अहिले दसैंको छैटौं दिन बितिसक्दा पनि गाउँमा न कतै लिंगे पिङ, न त युवाहरू नै देखिएका छन् । विद्यालय उमेरका बालबालिका र ५० नाघेका पाका नागरिक आ-आफ्नो काममा व्यस्त छन् । दसैंको रौनकले गाउँलाई छोएको छैन ।

पाँच-सात वर्षअघिसम्म तीजसँगै दसैंको रौनक सुरु हुन्थ्यो । सोह्र श्राद्ध सकिने बित्तिकै रातो माटो र सेतो कमेरोले घर लिपपोत गर्ने, चिउरा कुट्ने, अचार राख्ने, घर सफा गर्ने र गोरेटाबाटो सफा गर्ने काममा युवा नै कस्सिने गर्दथे । पछिल्ला केही वर्षयता ज्यामरुककोटमा मात्रै होइन म्याग्दीमा नै युवाहरू वैदेशिक रोजगार र परिवार बसाइँसराइ गरी सहरतिर बस्न थालेपछि गाउँघरमा चाडपर्वको रौनक हराउँदै गएको बेनी नगरपालिका-२ का ६८ वर्षीय डिलबहादुर सापकोटाले बताए ।

बेनी-२ ज्यामरुककोटका वडाध्यक्ष यामबहादुर कार्कीका अनुसार गाउँबाट पछिल्लो चार वर्षयता वैदेशिक रोजगारी र अध्ययनका लागि विदेश जाने युवाहरूको संख्या बर्सेनि बढ्दै गएपछि गाउँ युवाविहीन भएको छ ।

एक वर्षमा सरदर ५० देखि ८० जनासम्म युवा वैदेशिक रोजगारीका लागि विदेश जाने गरेका छन् । अध्ययनका लागि जानेहरूको संख्या पनि उत्तिकै छ । त्यसका साथै बसाइँसराइ गरेर सहर र मधेसतिर जानेहरू पनि बाक्लै छन् । पछिल्लो डेढ वर्षमा २४ घरपरिवारले बसाइँसराइ गरेका छन् ।

पारिलो घाम लाग्न सुरु भएपछि खेतका फाँटमा धान थन्क्याउने काममा किसान व्यस्त छन् । असोजको अन्तिम साता परेको पानी र चलेको हावाहुरीबाट थन्क्याउने बेलाको धान नासिने पो हो कि भनेर चिन्तित बनेका किसान कात्तिक लागेपछि मौसम घमाइलो बन्दा खेतको फाँटमा व्यस्त हुन थालेका र दसैंको रमाइलोले भन्दा पनि धान भित्र्याउने चटारोले किसान बेफुर्सदिला बनेका सानालेखका नारायण शर्माले बताए ।

कामकाजका लागि, उच्च शिक्षाका लागि र वैदेशिक रोजगारका लागि बाहिर रहेकाहरू गाउँ फर्किन थालेका भए पनि कामको चटारोले गर्दा दसैंको रौनक नदेखिएको उनको भनाइ छ । घरमा कमेरो र रातो माटोले लिपपोत गर्न घरभित्र धुवाँ लगाएर राखेका मकैका भुत्ता थानेमा राखेर लिपपोत गर्दै गर्दा दसैं आएको छुट्टै आनन्द हुन्थ्यो । दसैंका लागि भनेर खेतको कान्लामा घाँस साँच्ने गरिन्थ्यो ।

गाउँघरका युवादेखि बूढापाका मिलेर खरबारीमा गई बाबियो काटेर रातमा पिङको लुठो बाटेर दिनमा बाँसको चार लिंगो गाडेर पिङ बनाउने गाउँमा हराउँदै गएको छ । अहिले रोजगारीको सिलसिलामा गाउँबाट बाहिर देशहरूमा जान थालेसँगै दसैंमा रौनक थप्ने लिंगे पिङ खेल्ने संस्कृति हराउँदै गएको हो । 'विशेषगरी युवा पुस्ताले लिंगे पिङ निर्माण गरेर खेल्ने र रमाइलो गर्ने चलन थियो, अहिले गाउँमा युवाहरू नै छैनन्, पाको पुस्तालाई फुर्सद पनि छैन, जाँगर पनि चल्दैन,' ५२ वर्षीय टेकबहादुर क्षेत्रीले भने ।

पछिल्लो समय प्रविधिको विकास भएसँगै गाउँघरमासमेत मनोरञ्जनका अन्य साधनहरू प्रशस्तै आएकाले पनि पिङतर्फ आकर्षण घटेको बूढापाकाहरू बताउँछन् । युवाहरू रोजगारीका लागि विदेश गएका छन् । युवाहरू विदेशिएका कारण पिङ बनाउने जनशक्तिको अभावसमेत बढ्दै गएको छ । पिङ बनाउनका लागि बाबियो काटेर ल्याउने, लुठो बाट्ने र चारवटा बाँस गाड्न कम्तीमा आठ-दशजना आवश्यक पर्दछन् ।

गाउँघरमा फाटफुट भएका युवाहरू पनि व्यवसाय र रोजगारमा हुनुले पनि लिंगे पिङ लोप हुँदै गएको फापरखेतका इन्द्रदत्त शर्माले बताए ।

### फेरिँदै छ ग्रामीण परिवेश

युवा पलायन, प्रविधिको विकास र बसाइँसराइका कारण चाडपर्वको मौलिकता तथा परम्परागत ग्रामीण परिवेशमा पनि परिवर्तन आएको छ ।

रातो माटो र कमेरोले पोतिएका घर गाउँमा देखिन छाडेका छन् । इनामेल र आयातीत रंगले घर रंगीन थालेपछि गाउँका मड्किना गृहिणीहरूले बिर्सिसकेका छन् । ढिकीमा चिउरा कुट्ने परम्परा हराएर गएको छ । सबै चीज बजार आश्रित भएको छ । नयाँ लुगा लगाउन दसैं नै पर्खनु पर्दैन ।

दसैं नयाँ लुगा लगाउने र मासु खाने पर्वका रूपमा चिनिए पनि यी दुवै चीजको सहजताले दसैंको रौनक हटेको छ । अहिले घरहरू रातो माटो र कमेरो माटोले पोतिँदैनन् । मौलिक शैलीका घरलाई सिमेन्टबाट बनेका आधुनिक घरले विस्थापित गरिसकेका छन् । सहरदेखि गाउँसम्म आधुनिक घर बनाइएका छन् । *रासस*

# दसैंका लागि घर सजाउँदै थारु समुदाय

**दोधारा चाँदनी (कञ्चनपुर)**– यतिबेला कञ्चनपुरका थारू समुदायका महिलाहरू दसैंका लागि घर सजाउन व्यस्त छन् ।

दसैंका लागि घर चिटिक्क पार्ने, आँगन सजाउने, माछामासु र दाउराको जोहो गर्ने र किनमेल गर्ने जस्ता कार्यमा यो समुदायका व्यक्ति व्यस्त देखिन्छन् । कञ्चनपुरको भीमदत्त नगरपालिका-१८ का देवी चौधरी घर लिपपोत गर्नमा व्यस्त छन् । उनले थारू समुदायमा दसैंमा घर लिपपोत गरेर सजाउनु अनिवार्य जस्तै भएकाले घरआँगन सजाउन लागेको बताए ।

'अहिले घर लिपपोत गर्नेदेखि किनमेल गर्ने चटारो छ,' उनले भने, 'दसैं सुरु हुनुभन्दा अगाडि नै हामी सबै तयारी गरिसक्छौं, दसैंमा सखिया नाच्ने र रमाउने हो ।' उनले गाउँमा रहेका अधिकांशले घर लिपपोत गरेर सजाइसकेको बताए । थारू समुदायमा दसैं विशेष चाड भएकाले यसको रौनक एक महिनाअघि देखि नै हुने गर्दछ ।

'दसैंमा पूजा गर्दा कुखुराको मासु, माछा, कुभिण्डो, ढिक्री, रक्सी आदि चाहिन्छ,' उनले भने, 'पूजा सएिपछि सबैजना सखिया नाच्ने र रमाइलो गर्ने गर्दछन् ।' अन्य समुदायको भन्दा यो समुदायमा दसैं मनाउने चलन पृथक रहेको उनले बताए ।

पछिल्लो समय सामुदायिक वनले जंगलबाट माटो ल्याउन निषेध गरेपछि समस्या भएको उनले बताए । 'माटोले लिपपोत गरेर खरले छ्‍ाएका घर थारू समुदायका पहिचान हुन्,' उनले भने, 'सामुदायिक जंगलले माटो ल्याउन निषेध गरेपछि यी घरहरू हराउन थालेका छन् ।'

स्थानीय लक्ष्मीराम चौधरी दसैंका लागि सामान जुटाउन व्यस्त छन् । उनले केही दिनअघि देखि माछाको जोहो गर्न लागेका छन् । 'घरमा महिलाहरू घर लिपपोत गर्न लागेका छन्, म माछाको जोहो गर्दै छु,' उनले भने, 'दसैंमा सुकाएको माछा र रक्सी थारू समुदायको विशेष हो ।' उनले पछिल्लो समय पक्की घरहरू बन्न थालेपछि विगतको जस्तो रौनकता भने नभएको बताए ।

स्थानीय सीता चौधरीले दसैंका बेला थारू समुदायमा सखिया नाच महत्त्वपूर्ण भएको बताइन् । 'दसैंको बेला सखिया नाच रातभरि हुने गर्दछ, यो नाचमा भगवान्‌को मात्रै महिमा हुन्छ,' उनले भनिन्, 'पछिल्लो समय विभिन्न कारण एक महिना खेलिने यो नाँच छोटिँदै गएको छ ।'

टीका लगाइसकेपछि सबै गाउँले भेला भएर सखिया नाच नाच्ने चलन छ । पछिल्लो समय यो नाच लोप हुँदै गएको छ । 'पहिलेको जस्तो रातभर नाच्ने गाउने चलन त हराइसकेको छ,' उनले भनिन्, 'अहिले संस्कृति जोगाउनलाई भए पनि कार्यक्रमको आयोजना गरी सखिया नाच्ने गरिन्छ ।' पछिल्लो पुस्ता आधुनिकतामा रमाउन थालेपछि सखिया नाचको मौलिकता हराउँदै गएको थारू समुदायका पाका पुस्ता बताउँछन् । *रासस*


# मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **MAJU JAYA SECURITY SDN BHD**

पूर्व स्वीकृति मितिः २०८०/07/03 | LT. 294312 | चलानी नं. ६०२०९३६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 9 | 0 | 1500 | ४१८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **COMMITTED SECURITY SDN BHD**

पूर्व स्वीकृति मितिः २०८०/07/03 | LT. 294360 | चलानी नं. ६०२०९३७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 20 | 0 | 1500 | ४१८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **DOUBLE THREE SECURITY SERVICES SDN BHD**

पूर्व स्वीकृति मितिः २०८०/07/03 | LT. 294361 | चलानी नं. ६०२०९३७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 42 | 0 | 1500 | ४१८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० कार्तिक ११ गते (28th Oct. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः निःशुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १६१९/०७९/८०

**ALLIED INTERNATIONAL MANPOWER PVT.LTD.**

Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4593648

Email: alliedintl1619@gmail.com



## Belkotgadhi Municipality
### Office of the Municipal Executive

Baghkhor, Nuwakot, Bagmati Province , Nepal

**Invitation for Bids**

**First Date of Publication: 2080/07/04 (October 21, 2023)**

1. Belkotgadhi Municipality, Office of the Municipal Executive, Baghkhor, Nuwakot invites electronic bids from eligible manufactures/Suppliers for the following listed works as specified below under National Competitive Bidding procedures.
2. **Information to deposit the cost of Bidding Document and Bid Security Amount in Bank:**
   Name of the Bank: Sanima Bank Limited, Belkotgadhi Branch, Nuwakot
   Name of the Office: Belkotgadhi Municipality, Office of the Municipal Executive, Nuwakot
   **Ga. 1. 1. Antarik Rajaswa Khata no. :041010040000081 (for bid document fee)**
   **Ga. 3. Sthania taha Dharauti Khata no: 041010040000091 (for bid security amount)**
3. **Only electronic bids will be accepted.**

Eligible Bidders may obtain detailed information and inspect the bidding documents at the Office of the Municipal Executive, Baghkhor, Nuwakot, website: **www.belkotgadhimun.gov.np** or may visit PPMO website **www.bolpatra.gov.np/egp.**

| Contract Identification No. | Description of Works | Estimated Amount Excluding VAT (NRs.) | Bid Security Amount | Bid Document Fee | Bid submission date and time | Bid opening date and time |
|---|---|---|---|---|---|---|
| BGM/Goods/SQ/TB/08/080-81 | Supply and delivery of Fabricated steel parts for Machhapokhari Truss Bridge | 1,359,994.58 | NRs. 35000 | NRs. 1000 | 2023-11-05 within 12:00 hrs | 2023-11-5 at 13:00 hrs |

**Chief Administrative Officer**



## Budhiganga Municipality

Office of the Municipal Executive

Kuldevmandu, Bajura, Sudurpaschim Province, Nepal

**Notice of Intent to Select Proposal**

**Date of Publication: 2080/07/04**

This notice has been issued to all concerned consultants pursuant to section 38(2) and 47 of Public Procurement Act 2063 with the intention to select the Proposal of following proponent for the following consulting services.

| S.N. | Name of Assignment | Name of Proponent | Quoted Price (Including VAT) |
|---|---|---|---|
| 1. | Preparation of Digital Municipal Profile, Budhiganga Municipality-Bajura (RFP: RFP/NCB/MDP/01/2079-080) | GRID-Sitara-EW JV | 56,50,000.00 |

## चाडपर्वमा हराउँदै लोकपरम्परा

# न 'झिझिया नृत्य' न 'दसैंके ढोल'



■ **गोपालप्रसाद बराल**

**महोत्तरी–** यसपालिको दशहारा (दसैं) पर्व नजिकिंदै गर्दा पनि तराई-मधेशका टोल बस्तीमा 'झिझिया' को लय सुन्न पाइँदैन भने 'ढोल' को आवाज पनि सुनिंदैन । दशहारा पर्वमा घटस्थापनाकै दिनदेखि बस्ती/बस्तीमा बज्ने 'ढोल' अब मधेशको प्राचीन मिथिलामा हराएको छ ।

नवरात्र अवधिमै मिथिलानी (मिथिलाका नारी)ले दुष्टात्मा भगाउन खेल्ने 'झिझिया' नृत्य देखिन, सुनिन छाडेका छन् । घटस्थापनाका दिनदेखि नै बज्ने ढोल र बस्तीबस्तीमा गाइने/नाचिने झिझिया देख्न, सुन्न छाडिएको हो । मिथिला क्षेत्रमा बोलीचालीमा 'दशहरा' भनिने बडा दसैं पर्वका पुराना लोकपरम्परा केही वर्षयता हराउँदै गएका हुन् ।

दशहारा सुरु हुनासाथ नगर/गाउँ बस्तीमा बज्ने ढोल (नगरा) र बस्ती/बस्तीमा गरिने झिंझिया नृत्य देखिन छाडेपछि राष्ट्रिय महत्त्वको यो पर्वमा स्थानीय लोकपरम्परा हराउँदै गएको हो । ढोल बज्न छाडेर बस्तीबस्तीमा झिझिया पनि हराउँदै गएपछि पाका पुस्ताका मैथिललाई दशहारा आएजस्तो लागेको छैन । 'कहुँ ढोल बजल नई सुनैछी, न झिझिया नाच कतो दिखाइय' (कतै ढोल बजेको सुनिँदैन, न झिझिया नाच नै देखिन्छ) महोत्तरीको भंगाहा नगरपालिका-५ धतियाटोल सीतापुरका ८० वर्षीय झौली भण्डारी माली भन्छन्, 'दशहारा पावैन आयल बुझाइए न रहल अई' (दसैं पर्व लागेजस्तो नै बुझिन्न) । बस्तीमा ढोल नबजेको र राती झिझियाको लय सुन्न नपाइएपछि दसैं लागेको भनक नै नपाइएको भण्डारीको भनाइ छ ।

महोत्तरीसहितका मिथिलामा दसैं पर्वको नवरात्र सुरु भएसँगै बस्तीका घर/घरैजसो 'दसैंके ढोल' भन्दै चमार नाइकेले बजाउने ढोल र राति महिलाले सामूहिक रूपमा गीत गाउँदै नाचिने झिझिया देख्न छाडिएपछि भण्डारीजस्तै यस भेगका सर्वसाधारणले चिन्ता जनाएका छन् । 'बौवा, पुरान परम्परा सब हेराय लागल, चिन्ता लगैय जे आब हमर कि पहिचान रहत ?' (बाबु, पुराना परम्परा हराउँदै गए, अब चिन्ता लाग्दैछ, अब हाम्रो के पहिचान रहला ?) । जिल्लाको सदरमुकामसमेत रहेको महोत्तरीकै जलेश्वर नगरपालिका-५ चौडिया बस्तीका ७५ वर्षीय रहिमन मण्डलले मैथिलीमा भने ।

> नवरात्र अवधिमै मिथिलानी (मिथिलाका नारी)ले दुष्टात्मा भगाउन खेल्ने 'झिझिया' नृत्य देखिन, सुनिन छाडेका छन् । घटस्थापनाका दिनदेखि नै बज्ने ढोल र बस्तीबस्तीमा गाइने/नाचिने झिझिया देख्न, सुन्न छाडिएको हो । मिथिला क्षेत्रमा बोलीचालीमा 'दशहरा' भनिने बडा दसैं पर्वका पुराना लोकपरम्परा केही वर्षयता हराउँदै गएका हुन् ।

दसैं पर्वको घटस्थापनाकै दिन बस्तीका चमार जातिका अगुवा ठूलो आवाजको नगरा (ढोल) बजाउँदै 'दसैंके ढोल' भनेर कराउँदै हिँड्दा ससाना नानीहरू उनका अघिपछि झुम्मिने गरेका कुरा अब दन्त्यकथा जस्तै भएको बुढापाका बताउँछन् । लोक परम्पराका 'ढोल' र 'झिझिया' नबज्दा, नगाइँदा दसैं लाग्यो, दसैं आयो भन्ने लाग्ने नगरेको पाका मैथिल बताउँछन् ।

त्यसैगरी नवरात्र सुरु भएकै दिन मिथिला क्षेत्रमा घन्कने झिझिया गीत र त्यसको तालमा जादुमय तरिकाले नाच्ने नृत्यांगनाहरूको समूह पनि अब देखिन छाडेको छ । 'तोहरेलागि झिझिया बनैली हो बरमबाबा...!' को रागले सुनसान रातमा बस्तीका सडक हुँदै ग्रामदेवता (ब्रम्हस्थान) स्थलमा पुगेर दसैंमा मिथिलानीहरूले सुरिलो भाखामा गाउँदै फनफनी आफूलाई घुमाएर नाचेको देखाउने यो प्राचीन तान्त्रिक नृत्य अब देखिन छाडेपछि बुढापाका मैथिलको चिन्ता बढेको हो ।

पछिल्ला केही वर्षयता लोकपरम्पराको 'झिझिया' नृत्य गैरसरकारी संघसंस्थाका कार्यक्रम भने बनेका देखिन्छन् । तिनै संघसंस्थाको मञ्चमा हुने कार्यक्रमलाई अचेल हामीले 'मिथिलामा झिझियाको रौनक' शीर्षक दिएर ठूलठूला अक्षरमा सञ्चारमाध्यममा पस्कने गरेका भंगाहा-४ रामनगरका बासिन्दा सञ्चारकर्मी (पत्रकार) रामईश्वर ठाकुर बताउँछन् ।

गाउँनगर बस्तीका पाका चमार जातिका अगुवा बुढचाइँले हिँड्डुल गर्न छाडेर नयाँ पुस्ताका चमार युवाले पुरानो थिति नअँगालेपछि अब दसैंको ढोल बज्न छाडेको हो । 'कि करु हजुर, जवतक शरीर साथ देलक तबतक ढोल बजैली, आब बेटा/पोता ढोल बजाव नइ चाहैय, कि करु ?' (के गरौं हजुर, जहिलेसम्म शरीरले साथ दियो, रमाइलो मानेर ढोल बजाउँथे, अब छोरा/नाति ढोल बजाउन चाहँदैनन्, के गरौ ?) भंगाहा-५ धतियाटोलकै ७५ वर्षीय अच्छेलाल महरा (चमार समुदायका अगुवा) बताउँछन् । दलित समुदायभित्रको चमार जातिका नयाँ पुस्ताका किशोर र युवा रोजगारीका लागि भारत र अन्य अरब राष्ट्र जान थालेपछि पुर्ख्यौली रितिथिति र पेसा थाम्ने कुरा ओझेलिएको चमार जातिका पाका उमेरका अगुवा बताउँछन् ।

त्यसैगरी असुर प्रवृतिविरुद्ध सात्त्विक प्रवृति र असत्यमाथि सत्यको विजयका रूपमा मनाइने दसैं पर्वमा झिझिया नृत्य मिथिला क्षेत्रको प्रमुख आकर्षण रहँदै आएको थियो । 'दसैं लागेपछि प्रत्येक रात बस्तीका महिलाहरू सहभागी हुने झिझिया नृत्य पछिल्ला केही वर्षयता सुनिन, देखिन छाडेको छ,' महोत्तरी जिल्लाकै भारतीय सीमावर्ती मटिहानी-७ का सामाजिक कार्यकर्ता रामकुमार मण्डलले भने ।

पछिल्ला केही वर्षयता गाउँ/नगर बस्तीमा डिस्को बाजासँगै कर्कस स्वरमा बजाउन थालिएको गीत र त्यसको तालमा उफ्रँदै नाच्ने जमातप्रति मण्डलको चित्त दुखाइ छ । 'हाम्रो आफ्नै परम्परामा मनोरञ्जनका साधन र विधि छन्, हाँस्न, खेल्न तिनको अनुशरण गरे त भयो नि !,' मण्डलले भने, 'तर अब हाम्रा मनोरञ्जनका विधि सबै छोडिँदै गएका छन् ।'

दसैं लागेपछि अघि सत्य युगमा देवी दुर्गाबाट पराजित भएका दुष्टात्मा टोल बस्तीमा प्रवेश गरेर सर्वसाधारणलाई दुखः दिनसक्ने रुढी विश्वासका आधारमा त्यस्ता आत्मालाई प्रवेश गर्न नदिन मिथिलानीहरूले राति जाग्राम रही ग्राम देवतालाई पुकारा गर्दै गाउने गीत र नृत्यलाई 'झिझिया' भनिन्छ ।

असंख्य ससाना प्वाल पारिएको माटोको गाग्रो (घैंटो) भित्र बत्ती बालेर एकजना फनफनी नाच्दै घुम्ने र अरुले गीत गाउँने गरेको यो पुरानो संस्कृति नयाँ पुस्ताका छोरी बुहारीले नअँगालेपछि यो लोप हुने स्थितिमा पुगेको अगुवा महिला नै बताउँछन् । 'हुन त यो अन्धविश्वासको परम्परा हो,' भंगाहा नगरपालिकाकी उपप्रमुख शान्तिदेवी सिंह थारु भन्छिन्, 'तर मिथिला संस्कृतिको अभिन्न अंग भनिने गरिएकाले यसलाई परिमार्जित गर्दै संरक्षण गर्न जरुरी छ ।' तान्त्रिक विधिको यो गीत-नृत्य अब एक समयको कथाजस्तो बनिसकेको उपप्रमुख थारुको भनाइ छ ।

मिथिलामा हराउँदै गएको यो संस्कृतिलाई केही वर्षयता गैरसरकारी सामाजिक संघसंस्थाहरूले यदाकदा देखाउने गरेका भए पनि जनमनबाट भने हराउँदै गएको यहाँका बुद्धिजीवीको भनाइ छ । 'यो औपचारिक कार्यक्रममा मञ्चन गरिने होइन, संस्कृतिसँग जोडिएको कुरा हो' महोत्तरीको मटिहानीस्थित याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापीठका उपप्राध्यापक मनोज झा मुक्तिले भने, 'गैरसरकारी संस्थाले मञ्चमा मञ्चन गरेर यो थेगिँदैन, जनमनले नै थेग्नुपर्छ ।' मिथिला संस्कृतिको अभिन्न अंग मानिएको झिझिया गीतको नृत्यलाई जिवन्त राख्न पछिल्लो पुस्ताले चासो बढाउन झासहितका बुद्धिजीवीको सुझाव छ ।

अब झिझियाको लयमा नारी शिक्षाको अवस्था, सुरक्षा अवस्थाको चुनौती र वर्तमान परिवेशसँग मेल खाने भाव समेटेर यसलाई परिष्कृत गर्न पर्ने अगुवा मिथिलानी बताउँछन् । यस्तो गर्न सकिएमा लोकपरम्पराको जगेर्ना र वर्तमान आवश्यकताको कुरा व्यक्त हुनसक्ने भंगाहा-३ कटैयाकी रामराजी यादवको भनाइ छ । 'नयाँ पुस्ताका युवा छोर ी-चेलीहरू वास्ता देखाउँदैनन्,' यादवले भने, 'अब त झिझिया भन्ने कुरा कुनै जमानाको कथा जस्तो गरी सुनाउने स्थिति भइसक्यो, यो अवस्था अन्त्यका लागि हामीले नै पहलकदमी लिनपर्छ ।'

'चलचल गे डैनिया कदम तर तोरा बेटाके खैबौ बरमतर' (अरे दुष्टात्मा तँ अगाडि कदमको रुखतिर त बढ, तेरो छोरालाई त्यहीं ब्रह्मस्थान नजिक हामी खानेछौं) दुष्टआत्माकी भनिएकी कथित् बोक्सीलाई सतोसराप गर्दै गाइने यी गीत र यसको तालमा नाचिने झिझिया नृत्यलाई यसैको ताल र लयमा नयाँ परिवेशसँग मिलाएर अघि बढ्न पर्ने आवश्यकता अब औंल्याउन थालिएको छ । 'अब डायनी, बोक्सी भनेर गाली गरिने यी गीतको भावमा अधिकार प्राप्तिका लागि सचेतता बढाउने, रुढी परम्पराको ठाउँमा समानता र न्यायका पक्षका लडाइँका भाव मिलाउनुपर्छ,' बर्दिवास-१२ बिजलपुराकी महिला नेतृ गीतादेवी महतो भन्छिन्, 'झिझियालाई यसरी परिस्कृत गर्दै अघि बढे यसलाई मुलुकको समानता र न्यायको आन्दोलनकै अंग बनाउन सकिने छ ।'

झिझिया गीतमा देवी दुर्गाको प्रार्थना, बोक्सी भनिने दुष्टात्मालाई गाली र सन्तानको कल्याण र दीर्घायुको कामनाको भाव हुन्छ । गीतको तालमा असंख्य प्वालैप्वाल भएको घैंटो टाउकामा राखेर नाच्ने महिलाको नृत्यताल मनमोहक हुने गर्छ । भित्र बत्ती बालिएको सो घैंटोमा पारिएका प्वाल दुष्टआत्माले गन्यो भने नाच्नेको मृत्यु हुने भनाइ रहेकाले नाच्ने महिला फनफनी नाचेर प्वाल गन्न नसकिने अवस्था बनाउँछन् । मिथिला लोकसंस्कृतिको अभिन्न अंग मानिने यो परम्परा अब लोप हुने अवस्थामा पुगेको हो ।

पुरानो यो लोकसंस्कृति कायम राख्न अब यसलाई समयअनुसार परिस्कृत गर्दै अघि बढ् नुपर्नेमा पाका मैथिल पनि सहमत देखिन्छन् । यो अभिभारा नयाँ पुस्ताले उठाउन पर्ने पाका मैथिलको सुझाव छ । दसैं पर्वको मैथिल लोकपरम्पराको 'ढोल' र 'झिझिया' जीवन्त राख्न नयाँ पुस्ताको चासोबिना सम्भव नहुने मैथिल बुद्धिजीवी बताउँछन् । 'यो परम्परा धान्दै आएका पुरानो पुस्ताका हरू अब शरीरले नै लाचार भए, उनीहरूले चाहेर पनि गर्न सक्दैनन्,' राष्ट्रिय माध्यमिक विद्यालय पशुपतिनाथ बनरझुल्ला (बर्दिबास-९) का प्रधानाध्यापक हरिदेव महतो भन्छन्, 'हाम्रा विशिष्टता झल्काउने रितिथिति, परम्परा थेग्न, त्यसलाई प्रवर्द्धन गर्न नयाँ पुस्ताको चासो आवश्यक भएको हो ।' यसरी यी परम्परा जोगाइराख्न ती भित्रका जडतालाई परिस्कृत गर्दै समयअनुसारको भाव जोड्नसके यो बचाउन सकिने महतोको राय छ । *रासस*

## चाडपर्वमय बन्दै मिथिला

दशहारा (बडादसैं)को नवरात्र जारी छ । दिवाली (तिहार) र छठ पर्व दशहारालगत्तै नजिकिँदै छन् । यी सांस्कृतिक र पारम्परिक चाडबाडको तयारीले मधेस प्रदेशको प्राचीन मिथिला क्षेत्रमा पर्ने महोत्तरीमा उमंग छाएको छ । चाडपर्वको रमझम र तयारीले मिथिला क्षेत्र अहिले उमंगित छ ।

वर्षमा दुईवटा नवरात्र (दसैं)मनाइने मैथिल परम्परा छ । असोज शुक्लपक्षको प्रतिपदादेखि नवमीसम्मलाई शारदीय नवरात्र र चैत शुक्ल प्रतिपदादेखि नवमीसम्मलाई वासन्ती नवरात्र भनिन्छ। दुवै नवरात्रमा देवी पूजन विधि समान भए पनि यहाँ शारदीय नवरात्र नै उल्लासका साथ मनाइँदै आइएको छ । शारदीय नवरात्रलाई मैथिल बोलीचालीमा दशहारा भनिन्छ ।

दशहारा पर्वमा जताततै देवी भजनका मंगलधुन गुञ्जिरहेका छन् । बस्तीबस्तीमा देवी महिमाका भजन गाइने गरिएको छ । असोज शुक्लपक्ष सुरु भएसँगै देवी शक्तिपीठ, मन्दिर र प्रतिमास्थलमा दर्शनार्थी भक्तजनको लाम छ । देवी शक्तिपीठ र मन्दिरमात्र नभएर अहिले बस्तीबस्तीमा निर्मित देवी प्रतिमास्थलमा भक्तजनको घुइँचो छ। ठाउँ-ठाउँमा दुर्गा मेला आयोजन गरिएका छन्।

पर्व लागेसँगै घर सिंगार्ने चटारो छ । पर्वका लागि सरसामानको जोहोमा सबै व्यस्त देखिन्छन् । सर्वसाधारण किसान भने खेतीपातीको चाँजो मिलाउँदै छन् । कतिका खेतमा धान पहेँलै भएर पाकेका छन् । तरकारी बालीको नियमित रेखदेख र पालोमा (सातामा दुईपटक टिप्ने र बजार लाने) बजार पुऱ्याउनुपर्ने अनिवार्य छ । किसानहरू खेतीपातीको व्यस्तताबीच पर्वको तयारीमा लागेका छन् ।

असोज पूर्णिमासँगै दसैं सकिनासाथ अर्को मुख्य चाड तिहारको पक्ष प्रारम्भ हुने र त्यसलगत्तै छठपर्व पर्ने भएकाले सम्पूर्ण मिथिला अहिले पर्वको तयारीमा देखिन्छ । खेतीपातीदेखि सबै व्यावसायिक काम पनि अहिले पर्वकेन्द्रित बनेका छन् ।

दसैं, तिहार र छठपर्वमा कतिपय कृषिउपज विधिमै उपयोग गरिने परम्पराले किसान अहिलेदेखि नै त्यसको तारतम्य मिलाउन लागिपरेका छन् । खासगरी छठमा उखुका लाँक्रा, अदुवा, बेसारका गानो र पातसहितका बोट, ज्यामिर र अन्य कन्दमूल पूजा सामग्री नै हुन्छन् । छठताका यिनको माग र बिक्री राम्रो हुने भएपछि थोरै करेसाबारी हुनेका उत्पादनले पनि बजार पाउँछन् ।

दशहारामा यहाँका बस्तीबस्तीमा पिङ हाल्ने काममा किशोर र युवा जुटेका छन् । बस्ती-बस्तीमा सडक, ढल सरसफाइमा बस्तीका बासिन्दा आफैं जुटेका छन् । जताततै पर्वले मिथिला उमंगित देखिएको छ ।



**कलश शोभा यात्रा** | महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वरमा शुक्रबार दुर्गा पूजाका लागि निकालिएको कलश शोभा यात्रामा कलश (घैंटो) लिएर सहभागी हुँदै बालिका ।

*तस्बिरः सञ्जीतकुमार मण्डल/रासस*

# रातोमाटो र कमेरोले पोतिन छोडे गाउँका घर



■ **डम्मर बुढा मगर**

**ढोरपाटन (बागलुङ)**- एक दशक अगाडिसम्म बागलुङका ग्रामीण क्षेत्रमा जब दसैं सुरु हुन्थ्यो, तब गाउँमा घर रंगाउने चटारो हुन्थ्यो । बारीमा रहेको रातोमाटो र सेतो कमेरो निकाल्न स्थानीयलाई भ्याइनभ्याइ हुन्थ्यो । तर अहिले त्यो चलन हराउँदै गएको छ ।

रातोमाटो र सेतो कमेरोले पोतिने घर आयातीत रङले सजिसजाउ हुन थालेका छन् । उतिबेला माटो र कमेरो निकाल्ने ठाउँ झाडीले ढाकिएका छन् । गाउँमा खर र ढुंगेघर विस्थापित हुँदै गएपछि स्थानीयले रातोमाटो र सेतो कमिरोले घर पोत्न छोडिसके । आधुनिकताले परम्परागत घर विस्थापित हुँदै गएपछि माटो कमेरोले घर पोतिन छोडेका हुन् । घर पोत्न थालेपछि गाउँमा दसैंको रौनक नै बेग्लै हुन्यो । तर, अहिले त्यो रौनक निकै कम भएको पाइन्छ ।

पहिलेको तुलनामा अहिले दसैंको रौनक पनि हराउँदै गएको छ । रातोमाटो र कमेरो गाउँ पहिचानसँग जोडिएको छ । गाउँमा ढुंगा, माटो, काठ र घरले बनेका घर विस्तारै हराउँदै छन् । अचेल माटो, काठ र ढुंगाको सट्टा फलामका रड, जस्तापाता र सिमेन्ट प्रयोग हुने गर्छन् । यसले ग्रामीण क्षेत्रको मौलिकता हराउँदै गएको छ ।

एक दशक अघिसम्म बागलुङका कमैमात्र गाउँ मोटरबाटोले जोडिएका थिए । अहिले सडक नपुगेको गाउँ छैन । गाउँमा सडक पुगेपछि स्थानीयले कंक्रिटका आधुनिक घर बनाउन थालेका छन् । इनामेल, चुनालगायतले घरमा रङ प्रयोग गर्ने गरेको पाइन्छ ।

हरेक दिन गाउँमा मौलिक घर विस्थापित हुन थालेपछि बूढापाका चिन्तित बनेका छन् । जिल्लाका पालिकाले पनि धमाधम मौलिकता बोकेका खरको घर विस्थापित गरिरहेका छन् । बजारकै जस्ता घर गाउँमा बनेपछि पहिचान गुम्ने जोखिम बढेको छ । स्थानीयले गाउँकै स्रोत साधान प्रयोग गरेर मौलिकतालाई जोगाउनुपर्ने गलकोट नगरपालिका-९ का ७३ वर्षीय जितबहादुर खत्रीले बताए । देखासिकी र प्रविधिको विकासले परम्परा जोगाउन नसकिने अवस्था आएको भन्दै सरोकारवाला निकायले यसतर्फ ध्यान दिनुपर्ने उनी बताउँछन् । पहिले-पहिले गाउँका घर बलियो बनाउनका लागि हरेक दिन गाईको गोबर र रातोमाटोले लिप्ने गरे पनि अहिले त्यो चलन हराएको बताउँछन् ।

'आजभोलिको दसैं पहिलेको जस्तो रमाइलो नै हुँदैन, हाम्रो पालामा नवदुर्गा सुरु भएपछि गाउँमा निकै चहलपहल हुन्थ्यो, रातोमाटो र कमेरोले घर लिप्ने गरिन्थ्यो, घरलाई झकिझकाउ बनाउन, टाढा-टाढा पुगेर रातोमाटो, कमेरो ल्याइन्थ्यो, बर्खाले बिगारेको बाटाघाटा झारा गरेर मर्मत गर्ने गरिन्थ्यो, तर अहिले त्यो चलन पूरै हरायो,' खत्रीले भने, 'आजकाल त बजारबाट रङ किनेर ल्याएर घरमा लगाउने गर्छन्, अहिलेको रङभन्दा उतिबेलाको माटो र गोबरले लिप्दा घर बलियो हुन्थ्यो, मान्छेले आफ्नो परम्परा बिर्सिए, अरुको संस्कार सिके ।'

बागलुङको निसीखोला गाउँपालिकाकी तिलकुमारी सुनार रातोमाटो र कमेरो बिक्री हुन छोडेको बताउँछिन् । वर्षौंदेखि माटो र कमेरो बेचेर जीविकोपार्जन गरेको उल्लेख गर्दै उनले गाउँ-गाउँमा पक्की घर बन्न थालेपछि माटो बिक्री गर्न मुस्किल भएको बताइन् । पहिले दसैंको १५ दिन अगाडिदेखि आफूलाई स्थानीयको घरघरमा माटो र कमेरो पुऱ्याउन भ्याइनभ्याइ हुने गरेको स्मरण गर्दै अहिले एक डोको मोटो बेच्न पनि गाह्रो पर्ने सुनाइन् । माटो बेचेर मासिक १० हजार रूपैयाँ कमाएको सुनाउने सुनारले अहिले अर्मपर्म गरेर दैनिकी चलाउनुपरेको बताउँछिन् ।

'घर माटोले पोत्ने चलन हरायो, गाउँका कच्ची घरमा पनि बजारबाट रातो रङ लिएर लगाउन थालेका छन्, पहिले मैले एकै दिनमा १७/१८ घरमा माटो पुऱ्याउने गर्थे, अहिले दुई/तीन घरबाट पनि माग आउँदैन, अहिले त सबैका घरमा सिमेन्ट लगाएका छन्, टिन (जस्तापाता)ले छाएका छन्,' सुनारले भनिन्, 'दसैं आएको छ, माटो कसैले किन्दैनन्, कहिँबाट पैसा पनि आउँदैन, पहिले त पैसा हुनेले पैसा, नहुनेले धान, मकै, मिठो दिन्थे, परिवार पाल्न सजिलो थियो, अहिले त अरु काम गर्नुपर्छ ।'

स्थानीय मीनकुमारी पौडेलले पहिले दसैं तिहारको बेला धेरै महिला माटो बिक्री गर्न घरघरमा पुग्ने गरेको सुनाउँदै अहिले कोही पनि नहिँड्ने बताइन् । दसैंका बेला रातोमाटो र कमेरोले घर लिपपोत गरेपछिमात्रै जमरा राख्ने चलन रहेकामा सो हराउँदै गएको बताइन् । घरको झ्याल ढोकामा काफलको बोक्रा पकाएर लगाउने गरेको स्मरण गर्दै अहिले इनामेलले रंग्याउने गरेको बताइन् ।

नयाँ पुस्ताले सबै सजिलो र राम्रो खोज्न थाल्दा पुराना परम्परा हराउँदै गएको पौडेलको भनाइ छ । पहिले विद्यालयका भवन पनि माटो र काठले बनेको हुँदा दसैंका बेला माटो र कमिरोको माग निकै हुने गरेकोमा अहिले सबै भवनहरू पक्की बनेकाले त्यसको आवश्यक नपर्ने उनी बताउँछिन् ।

पौडेलले भने, 'घरभन्दा परको हाम्रो बारीमा सेतो कमेरो पाइन्थ्यो, दसैंका बेला त्यहाँ ठूलो भीड हुन्थ्यो, एक बोरा कमेरो ल्याउन मान्छेले घण्टौं कुर्नुपर्थ्यो, तर अहिले त्यो ठाउँ पूरै झारपातले पुरिएको छ, धेरै वर्ष भयो, यहाँ कोही पनि कमेरो ल्याउन आएका छैनन्, त्यस बेला त स्कुलमा पनि कमेरो लगाउने चलन थियो, विद्यार्थी लाइन लगाएर आउँथे, रमाइलो पनि हुन्थ्यो । तर, अहिले विद्यालय पनि सिमेन्टबाट बनेका छन्, त्यही भएर माटो कमेरो चाहिँदैन ।' *रासस*

# दसैंमा चंगा उडाउने संस्कृति हरायो

रामपुर (पाल्पा)- दसैंका बेला चंगा उडाएर रमाइलो गर्ने जमात हिजोआज देखिँदैन । दसैंको चहलपहल सुरु भएदेखि घरपरिवार, आफन्त, साथीभाइ जम्मा भएर आकाशमा चंगा उडाएर मनोरञ्जन गर्ने चलन अहिले हराउँदै गएको छ ।

विभिन्न रङरोगनले सिँगारिएका बस्ती, बाटो, घर वरपर सरसफाइले सुन्दर बनेका गाउँबाट आकाशमा चंगा उडाउँदा दसैंको रमझम बढाउने गरेको लेखनाथ शर्मा मरासिनी बताउँछन् ।

'चाडपर्वमा सबैसँग जमघट हुने, गाउँघरदेखि टाढा भएका आफन्त, परिवार, साथीभाइ भेटघाटको समयमा चंगा बनाएर कसले माथि पुऱ्याउने भन्दै अकाशमा उडाउँदा चाडपर्वको उमंग बढाउँथ्यो, अहिले त चंगा उडाउने गरेको देखिनै छोडयो,' उनले भने ।

खुला आकाशमा चंगा उडाउँदा वातावरण नै सुन्दर बन्थ्यो । नयाँ पुस्तामाझ दसैंमा चंगा उडाउने संस्कृतिबारे जानकारी नै छैन । पुरानो संस्कृतिलाई अनुशरण गर्दै हिजोआज भने केही विद्यालयमा तल्ला कक्षामा पढ्ने साना-साना बालबालिकालाई दसैंका बेला चंगा बनाएर देखाउन थालिएको छ ।

खुला आकाशमा चंगा उड्दा गाउँमा निकै रमाइलो उत्साह छाउँथ्यो । मनोरञ्जन मात्रै नभई परिवारमा खुसी, साथीभाइबीचको सम्बन्ध प्रगाढ बनाउने गरेको सुदीप गैरे बताउँछन् । हिजोआज बढ्दो सूचना प्रविधिको विकासले आकाशमा प्रतिस्पर्धात्मक रूपमा चंगा उडाएर मनोरञ्जन लिने चलन कतै देखिँदैन । यस्ता पुराना संस्कृति लोप हुन पुगेका छन् । *रासस*


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : KELVIN CATERING SERVICES & FACILITIES MANAGEMENT EMIRATES L.L.C.

पूर्व स्वीकृति मिति २०७८/१०/१८ | पून स्वीकृति मिति २०८०/०७/03 | LT. No. 257381 | चलानी नं. ६०१७३८४१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Admin Clerk | 4 | 0 | 1900.00 | ६८७८५ | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Administration Officer | 2 | 0 | 1800.00 | ६५१६५ | | | | | | | |
| 3 | Arabic Bread/Chapati Maker | 9 | 0 | 1000.00 | ३६२०३ | | | | | | | |
| 4 | Asst Salad Maker | 5 | 0 | 1000.00 | ३६२०३ | | | | | | | |
| 5 | Asst. Butcher | 3 | 0 | 1000.00 | ३६२०३ | | | | | | | |
| 6 | Asst. Cook - Arabic/Rice/Veg Cutting | 5 | 0 | 1000.00 | ३६२०३ | | | | | | | |
| 7 | Asst. Housekeeping Supervisor | 4 | 0 | 1200.00 | ४३४४३ | | | | | | | |
| 8 | Asst. Pastry /Head Baker | 6 | 0 | 1200.00 | ४३४४३ | | | | | | | |
| 9 | BAKER | 9 | 0 | 2000.00 | ७२४०६ | | | | | | | |
| 10 | Barber | 4 | 0 | 1000.00 | ३६२०३ | | | | | | | |
| 11 | BUTCHER | 5 | 0 | 1200.00 | ४३४४३ | | | | | | | |
| 12 | Carpenter | 3 | 0 | 1900.00 | ६८७८५ | | | | | | | |
| 13 | Cleaner/Sweepers (General) | 5 | 15 | 1000.00 | ३६२०३ | | | | | | | |
| 14 | Continental Cook | 3 | 0 | 2600.00 | ९४१२७ | | | | | | | |
| 15 | Drivers | 5 | 0 | 1900.00 | ६८७८५ | | | | | | | |
| 16 | electrician | 2 | 0 | 2200.00 | ७९६४६ | | | | | | | |
| 17 | Ethnic Cook | 8 | 0 | 2000.00 | ७२४०६ | | | | | | | |
| 18 | Executive Chef | 1 | 0 | 5000.00 | १८१०१५ | | | | | | | |
| 19 | GENERAL TECHICIAN | 2 | 0 | 2200.00 | ७९६४६ | | | | | | | |
| 20 | GYM TRAINER | 3 | 0 | 2000.00 | ७२४०६ | | | | | | | |
| 21 | HEAD BAKER-PASTRY | 3 | 0 | 2200.00 | ७९६४६ | | | | | | | |
| 22 | Head Chef | 5 | 0 | 2200.00 | ७९६४६ | | | | | | | |
| 23 | head housekeeper | 5 | 0 | 1800.00 | ६५१६५ | | | | | | | |
| 24 | Head Reception | 3 | 0 | 1800.00 | ६५१६५ | | | | | | | |
| 25 | Head Storekeeper | 3 | 0 | 1800.00 | ६५१६५ | | | | | | | |
| 26 | Housekeeping Supervisor | 3 | 0 | 1200.00 | ४३४४३ | | | | | | | |
| 27 | Hygiene and Safty Man | 3 | 0 | 3000.00 | १०८६०९ | | | | | | | |
| 28 | Khaleeji Cook | 3 | 0 | 4000.00 | १४४८१२ | | | | | | | |
| 29 | kitchen helper/Cleaners | 15 | 0 | 1000.00 | ३६२०३ | | | | | | | |
| 30 | Laundry Supervisor | 3 | 0 | 1800.00 | ६५१६५ | | | | | | | |
| 31 | Laundry Man | 10 | 0 | 1000.00 | ३६२०३ | | | | | | | |
| 32 | Location Manager | 5 | 0 | 3800.00 | १३७५७१ | | | | | | | |
| 33 | Maintenance Helper | 3 | 0 | 1200.00 | ४३४४३ | | | | | | | |
| 34 | Maintenance Supervisor | 3 | 0 | 2800.00 | १०१३६८ | | | | | | | |
| 35 | MAINTENANCE TECHNICIAN ASSISTANT | 2 | 0 | 2200.00 | ७९६४६ | | | | | | | |
| 36 | MASON | 3 | 0 | 1800.00 | ६५१६५ | | | | | | | |
| 37 | Night Shift Technician | 2 | 0 | 2200.00 | ७९६४६ | | | | | | | |
| 38 | Office Boy/Clerk | 10 | 0 | 1000.00 | ३६२०३ | | | | | | | |
| 39 | Painter | 3 | 0 | 1900.00 | ६८७८५ | | | | | | | |
| 40 | Pastry Man | 4 | 0 | 2600.00 | ९४१२७ | | | | | | | |
| 41 | Pest/Vermin Controller | 5 | 0 | 1200.00 | ४३४४३ | | | | | | | |
| 42 | PLUMBER | 3 | 0 | 1900.00 | ४३४४३ | | | | | | | |
| 43 | Recreation Officer | 4 | 0 | 1867.00 | ६७५९१ | | | | | | | |
| 44 | RFJD System Clerk | 4 | 0 | 1200.00 | ४३४४३ | | | | | | | |
| 45 | Room Boys | 25 | 0 | 1200.00 | ४३४४३ | | | | | | | |
| 46 | Salad Maker/Grade Manager | 7 | 0 | 1000.00 | ३६२०३ | | | | | | | |
| 47 | SHOP KEEPRER | 3 | 0 | 1000.00 | ३६२०३ | | | | | | | |
| 48 | Store Helper | 3 | 0 | 1000.00 | ३६२०३ | | | | | | | |
| 49 | Storekeeper | 7 | 0 | 1200.00 | ४३४४३ | | | | | | | |
| 50 | Tailor | 2 | 0 | 1000.00 | ३६२०३ | | | | | | | |
| 51 | Tandoor Bread Maker | 3 | 0 | 1000.00 | ३६२०३ | | | | | | | |
| 52 | Waiter | 15 | 0 | 1000.00 | ३६२०३ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० कार्तिक ११ गते (28th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

सेवा शुल्कः निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

VISION & VALUE

श्रम ईजाजत नं. ८२२/०६६/०६७

**VISION & VALUE OVERSEAS PVT. LTD.**

Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450, P.O.Box:7764
Mobile: 9863194833, 9863194835, 9863194832, 9863194834, 9863194839
9851315983, 9846035174, 9851055165, 9818002688, 9851044323, 9861605199, 9841076393
Email:- visionhospitalityjobs@gmail.com | URL: www.vnvnepal.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : lambda engineering (m) sdn bhd

पूर्व स्वीकृति मिति २०८०/०७/०१ | LT. No.294043 | चलानी नं. ६०२०९३५४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 10 | 0 | 1500 | ४१८३७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० कार्तिक ११ गते (28th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १०९७/०७३/०७४

**Sandiya Human Resources Pvt. Ltd.**

Dhumbarai-4, Kathmandu, Nepal, Phone No. +977-1-5199505, 9801181641, 9851155563, 9801181681
E-mail: sandiyahr17@gmail.com, Website : www.sandiyahr.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : TECHNOFIT SDN.BHD.

पूर्व स्वीकृति मितिः२०८०/०७/०३ | LT. No. 294259 | चलानी नं. ६०२०९३५१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worke | 90 | 0 | 1500 | ४१८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० कार्तिक ११ गते (28th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १०९३/०७३/०७४

**Al Haya Recruitment Pvt. Ltd.**


Dumbarahi, Kathmandu, Nepal Phone No. +977-1-4008610
E-mail : alhaya.recruitment@gmail.com

# प्रभाव दैनिक

शनिबार, ४ कात्तिक २०८० (Saturday, October 21, 2023)


रूपशाला

### 'आए म त' म्युजिक भिडियो सार्वजनिक



सुदूरपश्चिमको सबैभन्दा अग्लो हिमशृंखला अपी हिमालमा पहिलोपटक छायांकन गरिएको म्युजिक भिडियो 'आएँ म त' सार्वजनिक गरिएको छ। मौसमका कारण धेरै एडभेन्चर शो हरूले समेत छायांकन गर्न नसकेको करिब ७,१३२ मिटर उचाई रहेको हिमालको बेस क्याम्पमा भिडियोको टिम पुर्‍याएर कलाकार एवं निर्देशक राजु भट्टले भिडियो सुटिङ गरेका हुन्। काठमाडौंको बसन्तपुरदेखि दार्चुलाको अपी हिमालसम्मको दृश्य समेटेर तयार पारिएको भिडियो निर्माण गर्न दुई हप्ता लागेको निर्देशक भट्टले जानकारी दिए। धनगढीकी स्थानीय कलाकार बोन्दिता धामी र दार्चुला अपीका स्थानीयको साथमा राजु भट्टको अभिनय रहेको छ। यो गीतमा राजु र ममता गुरुङको स्वर रहेको छ।

# पत्रकार झाको 'बाटो पत्रकारिताको' बजारमा

■ प्रभाव संवाददाता



**धनुषा–** वरिष्ठ पत्रकार धमेन्द्र झाको नवीन कृति 'बाटो पत्रकारिताको' बजारमा आएको छ। आमसञ्चार तथा पत्रकारितालाई केन्द्रीय महत्त्व दिएर सिर्जना गरिएको उक्त कृतिको शुक्रबार यहाँ आयोजित एक समारोहमा मधेस प्रदेश मन्त्रिपरिषद्का सबै सदस्यले सामूहिकरूपमा विमोचन गरेसँगै बजारमा आएको हो।

आमसञ्चार प्राधिकरण मधेस प्रदेशले प्रकाशन गरेको प्रस्तुत पुस्तकमा छापा तथा प्रसारण पत्रकारिताका आधारभूत सिद्धान्त, श्रव्य संयोजन तथा दृश्य छायांकन एवं सम्पादन, फोटो पत्रकारिताका महत्त्वपूर्ण पक्षलाई एकीकृत रूपमा प्रस्तुत गरिएको छ।

नेपाल पत्रकार महासंघका पूर्वअध्यक्ष झाको उक्त पुस्तक पत्रकारितालाई पेसा बनाएकाहरूका निम्ति उपयोगी हुनका साथै सञ्चारकर्मी तथा पत्रकारितामा आउन चाहनेलाई सैद्धान्तिक सीप सिकाउन उपयोगी औजार हुने विश्वास मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले व्यक्त गरे। उनले दलीय आबद्धता त्यागेर सञ्चारकर्मीले राष्ट्र र जनताका निम्ति कलम चलाउनुपर्नेमा जोड दिए।

मुख्यमन्त्री यादवले सत्यतथ्यमा आधारित भएर व्यावसायिक पत्रकारिता गर्न प्रस्तुत पुस्तकले मार्गदर्शन गर्ने बताउँदै पत्रकारको दक्षता अभिवृद्धि गर्न प्रदेश सरकारले सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे।

आमसञ्चार प्राधिकरण अध्यक्ष श्यामसुन्दर यादवले प्राधिकरणले बितेका एक वर्षमा सम्पादन गरेका कामबारे जानकारी दिँदै सञ्चारगृहलाई सहयोग गर्ने उद्देश्यले व्यवस्था गरिएको लोक कल्याणकारी विज्ञापनका लागि बजेट उपलब्ध गराउन आग्रह गरे।

वरिष्ठ पत्रकार झा राष्ट्रिय समाचार समितिका कार्यकारी अध्यक्ष छन्। साहित्यिक फाँटमा उनी धर्मेन्द्र विह्वल उपनामले परिचित छन्। मैथिली साहित्यमा पनि उनका विविध रचना प्रकाशन भएका छन्।

# थिएटरमा नाटक हेर्ने दर्शक बढे

**झापा–** झापामा आधुनिक थिएटरमा नाटक हेर्ने दर्शक बढ्दै गएका छन्। यो साता जिल्लाको दमक र काँकडभिट्टामा दुई अलग-अलग थिएटरमा मञ्चन भएका नाटकले वाहवाही पाएका छन्।

परिवर्तन थिएटरले आदिवासी मेचे समुदायको कथावस्तुमा आधारित 'म्लेच्छ' नामक नाटक मञ्चन गर्‍यो भने दमकको कदम थिएटरले प्रसिद्ध साहित्यकार इन्द्रबहादुर राईको 'जयमाया आफूमात्रै लिखापानी आइपुगी' नामक प्रस्तुत गरेको थियो।

'म्लेच्छ'का लेखक पर्वत पोर्तेलले दर्शकबाट पाएको माया र प्रतिक्रियाबाट आफू उत्साहित बनेको बताए। अघोरी जंगल फाँडेर बसोबास गरेका आदिवासीहरू कसरी आफ्नो थातथलोबाट बेदखल भए र उनीहरूमाथि राज्यले कसरी विभेद गर्‍यो भन्ने इतिहासलाई नाटकमार्फत प्रस्तुत गरिएको उनले जानकारी दिए।

जिल्लामा थिएटरमा नाटक हेर्ने संस्थागत चलन सुरु भएको एक दशकभन्दा धेरै भएको छैन। छोटो अवधिमै कलाकारको मिहेनत र दर्शकको मायाले थिएटर संस्कृति मौलाएको छ। शुक्रबारसम्म मञ्चन भएको नाटक 'म्लेच्छ'ले एक सातामा पाँच हजार दर्शक बटुलेको बताइएको छ।

कदम थिएटरमा प्रस्तुत 'जयमाया आफूमात्रै लिखापानी आइपुगी' हेर्न दर्शकको घुइँचो लागेको थिएटरका महासचिव कमन देवानले बताए। उनका अनुसार यसअघिका नाटकमा पनि दर्शकको उपस्थिति धेरै रहने गरेको थियो।

दोस्रो विश्वयुद्धमा बर्मा (हाल म्यान्मार)मा जापानी फौजले आक्रमण गरेपछि त्यहाँका नेपालीमूलका बासिन्दा ज्यान जोगाउन कयौं रात र दिन जंगलको बाटो हिँडेका थिए। त्यही क्रममा जयमाया कसरी लिखापानी भन्ने ठाउँमा एक्लै आइपुगिन् भन्ने कथा इन्द्रबहादुर राईले लेखेका थिए। नाटकमा त्यही कथा देखाइएको देवानले जानकारी दिए।

झापाको बिर्तामोडमा क्षितिज नाट्य समूहले आधुनिक नाटकघर र संग्रहालय निर्माणका लागि अभियान सञ्चालन गरिरहेको छ। 'यहाँ नाटक मन पराउने र माया गर्ने दर्शकको खाँचो छैन,' क्षितिज नाट्य समूहका अध्यक्ष माधव कल्पितले भने, 'सरकारी तहबाट चाहिँ यसको महत्त्व नबुझेको देख्दा अचम्म लागेर आउँछ।'

काँकडभिट्टामा सुविधासम्पन्न आधुनिक थिएटर बनाउन परिवर्तन थिएटरले पहल गरेको आधा दशक बिते पनि हालसम्म थिएटरले जग्गा र दाता नभेटेको थिएटरकी अध्यक्ष कविता नेपालले बताइन्। उनले नगरपालिकाले पनि सहयोग नगरेको बताइन्।

'मेची सामुदायिक भवनको एउटा हललाई सजावट गरेर कामचलाउ थिएटर कक्ष बनाएका छौं,' अध्यक्ष नेपालले भनिन्, 'कोरोना महामारीपछि नाटक मञ्चनमा केही शिथिलता आएको थियो। अहिले फेरि नयाँ नाटक देखाउन थालिसकेका छौं।' उनले आफ्नै भवन बनाउन आर्थिक सहयोगको आह्वान गरे पनि सहयोग नपाउँदा भवन निर्माण ढिलाइ भइरहेको बताइन्।

झापाका नाट्यकर्मीको सिर्जनात्मक क्षमता अन्तर ाष्ट्रियस्तरको भएको नाटक 'म्लेच्छ' हेरेका मेचीनगर-६ का शंकर भट्टराईले बताए। कला, साहित्य, पत्रकारिता, खेलकुदलगायत क्षेत्रमा राज्यले मुट्ठी खोलेर सहयोग गर्नुपर्ने उनको भनाइ छ। *रासस*

## रंगशाला

छैटौं प्रधानसेनापति अन्तर्राष्ट्रिय त्रि-एड्भेञ्चर प्रतियोगिता

# त्रिभुवन आर्मी 'ए' च्याम्पियन




**धादिङ (प्रस)–** छैटौं प्रधानसेनापति अन्तर्राष्ट्रिय त्रि-एड्भेञ्चर प्रतियोगितामा त्रिभुवन आर्मी क्लब ए टिम प्रथम भएको छ। धादिङस्थित ६ नं वैरेनी ब्यारेकमा ६.५ किलोमिटर दौड, २६ किलोमिटर साइकलिङ र ११ किलोमिटर र्‍याफ्टिङ प्रतियोगिता भएको थियो।

उक्त खेलको तीनवटा चरण (दौड, साइकलिङ र र्‍याफ्टिङ) पार गर्दै त्रिभुवन आर्मी क्लब ए टिम विजय भएको हो। त्यस्तै त्रिभुवन आर्मी क्लब बी टिम दोस्रो भएको छ। तेस्रोमा इण्डियन आर्मी ए टिम रहेको छ। त्यस्तै इण्डियन आर्मी बी टिम चौथो भएको छ भने एमटिबी स्टार पाँचौं भएको छ।

महिलातर्फ नेपाल आर्मी महिला टिम पहिलो भएको छ। युनाइटेड फिक्कल एमटिबी स्क्वार्ड दोस्रो र डुल्वा केटिस तेस्रो भएको छ। प्रतियोगितामा २१ टिमका ८४ खेलाडीको सहभागिता थियो।

पुरुषतर्फको प्रतियोगितामा प्रथम हुनेले एक लाख ५० हजार रूपैयाँ, दोस्रोले एक लाख, तेस्रोले ७५ हजार, चौथोले २५ हजार र पाँचौंले १५ हजार रूपैयाँ पुरस्कार प्राप्त गरेका छन्। महिलातर्फ पहिलो हुनेले ७५ हजार, दोस्रोले ५० हजार र तेस्रोले ३० हजार रूपैयाँ प्राप्त गरेका छन्।

# बिच भलिबलको उपाधि त्रिभुवन आर्मी क्लबलाई

**कञ्चनपुर (प्रस)–** कञ्चनपुरको महेन्द्रनगरमा जारी बिच भलिबल प्रतियोगिताको खुलातर्फको उपाधि नेपाली सेनाको त्रिभुवन आर्मी क्लबले जितेको छ। शुक्रबार भीमदत्त नगरपालिका-१२ ऐरीस्थित महाकाली नदीको बगरमा भएको फाइनल खेलमा लिटिलबुद्ध एकेडेमीको टिमलाई सोझो सेटले पराजित गर्दै आर्मीले उपाधि जितेको हो।

उपाधि उचालेसँगै आर्मीको टिमले एक लाख रूपैयाँसहित ट्रफी र मेडल प्राप्त गरेको छ भने उपविजेता लिटिलबुद्धको टिमले ५० हजार रूपैयाँसहित ट्रफी र मेडलबाट पुरस्कृत भएको छ। प्रतियोगिताको उपाधि विजेता टिमलाई सुदूरपश्चिम पृतनापति उपरथी विजय थापाले पुरस्कृत गरे।

त्यसैगरी खुलातर्फ शिवशक्ति खाद्य उद्योग झलारीको टिम तृतीय स्थान हासिल गर्दै २५ हजार रूपैयाँ नगदसहित पुरस्कृत भएको छ। त्यसैगरी पुरुष भेट्रानतर्फको उपाधि बेलौरी नगरपालिकाको टिमले उपाधि जितेको छ। फाइनल खेलमा सशस्त्र प्रहरी बलको टिमलाई पराजित गर्दै बेलौरी नगरपालिकाको टिमले उपाधि जित्दै २५ हजार रूपैयाँसहित ट्रफी र मेडल प्राप्त गरेको छ। उपविजेता सशस्त्र प्रहरी बलको टिमले १५ हजार रूपैयाँ हात पारेको छ। भेट्रानतर्फ कैलालीको फूलबारी टिम तृतीय हुँदै १० हजार रूपैयाँबाट पुरस्कृत भएको छ।

नेपाली सेनाको श्री नं २५ बाहिनी अड्डा भगतपुर ब्यारेक र कञ्चनपुर जिल्ला भलिबल संघको संयुक्त आयोजनामा भएको प्रतियोगितामा खुलातर्फ कूल २३ र भेट्रानतर्फ ११ टिम सहभागी थिए। सेनाले सैनिक-नागरिकसम्बन्ध थप सुदृढ गर्नुका साथै खेलाडी उत्पादन र खेलकुदको विकासमा टेवा पुग्ने लक्ष्यसहित नेपाली सेनाको योजनामा प्रतियोगिता आयोजना भएको थियो।

समापन समारोहमा सेनाको सुदूरपश्चिम पृतनाका पृतनापति उपरथी विजय थापा, दोधारा चादँनी नगरपालिकाका नगरप्रमुख किशोर लिम्बू, कञ्चनपुरका प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारी, श्री नं २५ बाहिनी अड्डाका बाहिनीपति सहायकरथी मनोज थापा, भीमदत्त नगरपालिकाका नगर उपप्रमुख निलम लेखक जोशी, बेदकोट नगरपालिकाका नगर उपप्रमुख तुलसी जोशीलगायतको उपस्थिति रहेको थियो।

प्रतियोगिता सञ्चालनका लागि भीमदत्त नगरपालिका, बेदकोट नगरपालिका र दोधारा चादँनी नगरपालिकाले पुरस्कार राशि प्रायोजन गरेका थिए।


**Fewa HR Solutions Pvt. Ltd.**

श्रम इजाजत नं. १४८५/०७४/०७५

P.O. Box: 6313, KMC-32, Tinkune, Kathmandu, Office: +977-1-4117992, 4117997

E-mail: fewahrsolutions@gmail.com, website: www.fewahrsolutions.com

**साउदीमा वैदेशिक रोजगारको अवसर**

SNOW BRIGHT LAUNDRY

पूर्व स्वीकृति मिति २०८०/०७/०३ LT. No. 294309 चलानी नं. ६०२०९३७४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | laundry worker | 18 | 0 | 1000 | ३५४४९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० कार्तिक ११ गते (28th Oct. 2023) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | कामदार आफैंले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।



Kalika Municipality
**Office of Municipal Executive**
RedcrossGram, Kalika
Chitwan, Nepal

**Notice for Invitation of Bid**

**Date of publication: 2080-07-03 (October 20, 2023)**

1. Kalika Municipality, Chitwan invites electronic bids from Nepalese eligible bidders for the Construction of following projects under National Competitive Bidding procedures. The estimated amount (Excluding VAT and PS) for the works is as per table below.
2. Eligible Bidders may obtain further information via. : https://kalikamunchitwan.gov.np/en or http://www.bolpatra.gov.np/egp. and inspect the Bidding Documents via. : http://www.bolpatra.gov.np/egp.
3. Bank Information / Bidding process Dates / Bids & Bid bond validity period: Visit https://kalikamunchitwan.gov.np/en or http://www.bolpatra.gov.np/egp. (Bid Document Fee जम्मा गरेको भौचरमा अनिवार्य रुपमा ठेक्का नं. र जम्मा गर्ने फर्मको नाम समेत उल्लेख गर्नु पर्ने छ)
4. Bid submission: Only Via. http://www.bolpatra.gov.np/egp.
5. Project Information

| SN | Contract ID | Estimated Amount Excluding VAT and PS (Nrs.) | Bid security Amount (Nrs.) | Bid document (Nrs.) |
|---|---|---|---|---|
| 1 | 007/Works/NCB/KM/080/081 | 47,42,215.39 | 1,50,000.00 | 3000.00 |
| 2 | 008/Works/NCB/KM/080/081 | 50,27,964.58 | 1,60,000.00 | 3000.00 |

Chief Administrative Officer

# क्यानाडाले भारतबाट ४१ कूटनीतिज्ञलाई फिर्ता बोलायो

**ओटावा–** क्यानाडा र भारतबीच जारी विवादका कारण क्यानाडाले भारतबाट ४१ कूटनीतिज्ञ र उनीहरूको परिवारका ४२ सदस्यलाई फिर्ता बोलाएको क्यानाडाकी विदेशमन्त्री मेलानी जोलीले घोषणा गरेकी छन् ।

'अहिलेसम्म भारतले भोलि अक्टोबर २० (शुक्रबार) सम्ममा नयाँदिल्लीमा रहेका २१ क्यानाडाली कूटनीतिज्ञ र आश्रितबाहेक सबैलाई अनैतिकरूपमा कूटनीतिक उन्मुक्ति हटाउने उसको योजनाबारे औपचारिकरूपमा बताएको म पुष्टि गर्न सक्दछु, यसको अर्थ ४१ क्यानाडाली कूटनीतिज्ञ र तिनीहरूका ४२ आश्रितमाथि कुनै मनमानी मितिमा उन्मुक्ति हटाउने खतरा थियो र यसले उनीहरूको व्यक्तिगत सुरक्षा जोखिममा पर्नेछ,' क्यानाडाली कूटनीतिज्ञहरूको प्रस्थानको पुष्टि गर्दै मन्त्री जोलीले भनिन् ।

दुई मुलुकबीच जारी कूटनीतिक विवादका कारण 'समानता'को माग गर्दै भारतले क्यानाडाको भिसा सञ्चालन निलम्बनसँगै भारतमा क्यानाडाली कूटनीतिज्ञहरू कटौती गर्न आह्वान गरेपछि क्यानाडाली कूटनीतिज्ञहरूलाई फिर्ता बोलाइएको हो ।

'भारतबाट उनीहरूको सुरक्षित फिर्तीका लागि हामीले सहज बनाएका छौं, यसको अर्थ अब हाम्रा कूटनीतिज्ञ र उनीहरूका परिवारले कूटनीतिक छुटलाई परित्याग गरेका छन्, उनीहरू जहाँबाट आएका भए पनि र जहाँ पठाइए पनि कूटनीतिज्ञहरूलाई सुरक्षित राखौं, प्रतिरक्षाले कूटनीतिज्ञहरूलाई उनीहरूको देशबाट प्रतिशोध वा गिरफ्तारीको भयविना आफ्नो काम गर्न अनुमति दिन्छ,' मन्त्री जोलीले भनिन् ।

'तिनीहरू कूटनीतिको मूलभूत सिद्धान्त हुन् र यो दुईतर्फी बाटो हो, प्रत्येक देशले नियमको पालना गर्दा मात्र काम गर्छ, कूटनीतिक विशेषाधिकार र उन्मुक्तिको एकतर्फी खारेज अन्तर्राष्ट्रिय कानूनविपरीत हो, यो कूटनीतिक सम्बन्धमा भियना महासन्धिको स्पष्ट उल्लंघन हो र यस्तो गरेर धम्की दिन अव्यावहारिक र तनावपूर्ण हो,' उनले भनिन्, 'यदि हामीले कूटनीतिक प्रतिरक्षाका मानकलाई उल्लंघन गर्न दियौं भने पृथ्वीमा कुनै पनि कूटनीतिज्ञ सुरक्षित हुने छैन ।' उनले यसबारे क्यानाडाले 'त्यस्तै व्यवहार' नगर्ने बताइन् ।

आप्रवासन, शरणार्थी र नागरिकमन्त्री मार्क मिलरसँगै मन्त्री जोलीले 'भारतसँगको स्थिति'माथि विकसित घटनाक्रमबारे घोषणा गर्दै कूटनीतिज्ञहरूको फिर्तीपछि क्यानाडाले दिने सेवा वितरणमा यसको कस्तो प्रभाव पर्नेछ भन्नेबारे जानकारी गराइन् ।

'भारतको यो निर्णयले दुवै मुलुकका नागरिकलाई सेवाको स्तरमा कुनै असर पर्ने छैन, दुर्भाग्यवश हामीले चन्डीगढ, मुम्बई र बेंगलोरमा हाम्रा वाणिज्य दूतावासका सबै व्यक्तिगत सेवा रोक्नुपर्‍यो,' उनले भनिन्, 'कन्सुलर सहयोग आवश्यक पर्ने क्यानाडालीहरूले अझै पनि दिल्लीस्थित हाम्रो उच्चायोगमा जान सक्नुहुन्छ, तपाईंले अझै पनि फोन र इमेलमार्फत व्यक्तिगत सेवा लिन सक्नुहुन्छ ।' *रासस/एएनआई*

# 'गाजा चर्चमा इजरायली आक्रमणबाट थुप्रैको मृत्यु'

**गाजापट्टी, प्यालेस्टिनी अधिनस्थ क्षेत्र–** बिहीबार अबेर भएको इजरायली हमलामा गाजामा एउटा चर्चमा आश्रय लिएर बसेका थुप्रै विस्थापितहरूको मृत्यु भएको र धेरै घाइते भएको हमास नियन्त्रित आन्तरिक मामिला मन्त्रालयले बताएको छ ।

मन्त्रालयका अनुसार गाजा सहरस्थित ग्रिक अर्थोडक्स सेन्ट पोरफाइरस चर्चका परिसरमा भएको हमलामा 'ठूलो संख्यामा सहित र घाइते' भएका छन् । प्रत्यक्षदर्शीहरूले एएफपीलाई दिएको जानकारीअनुसार प्लालेस्टिनी क्षेत्रमा भएको युद्धपछि थुप्रै गाजाबासीले शरण लिएको चर्चनजिकै लक्षित गरी हमला गरेको देखिन्छ ।

इजरायली प्रतिरक्षा फौज (आइडिएफ)ले इजरायलतर्फ रकेट र मोर्टार प्रक्षेपणमा संलग्न कमाण्ड र कन्ट्रोल सेन्टरलाई लक्षित गरी आफ्ना लडाकू विमानले आक्रमण गरेको बताएको छ ।

'आइडिएफले गरेको हमलाबाट एउटा चर्चको पर्खाल क्षतिग्रस्त भएको छ, हामी हताहतको रिपोर्टबारे सचेत छौं, घटनाको समीक्षा गरिरहेका छौं,' आइडिएफले भनेको छ ।

प्रत्यक्षदर्शीहरूले आक्रमणमा चर्चको बाहिरी भाग क्षतिग्रस्त भएको र छेउको एउटा भवन भत्किएको भन्दै घाइते धेरैलाई अस्पताल लगिएको बताएका छन् ।

पोरफाइरस अझै पनि सञ्चालनमा आएको गाजामा सबैभन्दा पुरानो चर्च हो । जेरुसेलमको अर्थोडक्स प्रमुखले आफ्नो चर्च परिसरमा भएको हमलाको 'कडा निन्दा' गरेका छन् । *रासस/एएफपी*

# कार्यशाला भत्किँदा तीनको मृत्यु, आठ घाइते

**चीन–** उत्तरी चीनको भित्री मंगोलिया स्वायत्त क्षेत्रमा बिहीबार एक कारखाना भत्किँदा तीन जनाको मृत्यु हुनाका साथै आठ जना घाइते भएको स्थानीय अधिकारीहरूले शुक्रबार बताएका छन् । उनीहरूका अनुसार दुर्घटना दिउँसो ३ बजे भएको हो ।

इजिन हारो ब्यानरको जासाक टाउनसिपमा रहेको माटाइहो कोइलाखानीमा पहिरो जाँदा ११ कामदार फसेको ओर्डोस सहरको आपत्कालीन व्यवस्थापनले जनाएको छ ।

फसेका सबैलाई शुक्रबार ३:५५ मा उद्धार गरी उपचारका लागि स्थानीय अस्पतालमा पठाइएको थियो । घाइतेमध्ये उपचारका क्रममा तीन जनाको मृत्यु भएको हो । दुर्घटनाको अनुसन्धान भइरहेको बताइएको छ । *रासस/सिन्ह्वा*


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Basil Salem Zerfil Al-Otaibi Est

पूर्व स्वीकृति मिति : २०८०/०७/०३ | LT. No.294100 | चलानी नं.६०२०९३४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | kitchen tool cleaning worker | 1 | 0 | 1000 | ४१८३७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : Professional Car Wax Wash

पूर्व स्वीकृति मिति : २०८०/०७/०३ | LT. No.294283 | चलानी नं.६०२०९३७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | VEHICLE CLEANING WORKER | 4 | 0 | 1000 | ४१८३७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० कार्तिक १३ गते (30th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Lic No. 1159/074/074

**Global Sourcing Group Pvt.Ltd (Trans Asia Manpower Pvt.Ltd)**

Milijuli Marg, Maharajgunj/ Chakrapath-3, Kathmandu, Nepal

Tel : 01-4016163, 01-4016164, Email : info@gsgroup.com.np, www.gsgroup.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : JADE EXPERIENCE FOR RESTAURANTS & CATERING CO.

पूर्व स्वीकृति मिति २०८०/०५/०७ | LT. No. :291441 | चलानी नं. ६०२०६७३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worke | 5 | 0 | 1000 | ३५४४९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमामिति: २०८० कार्तिक १२ गते (29th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १३०५/०७४/०७५

**All Asia Overseas Pvt.Ltd**

Santinagar Chowk, Kareshwor Marga, New Baneshwor-31, Kathmandu, Nepal

Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SEREMBAN BURGER SDN. BHD.

पूर्व स्वीकृति मिति २०८०/०७/०३ | LT. No. 294196 | चलानी नं. ६०२०९३५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 15 | 0 | 1500 | ४१८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० कार्तिक ९ गते (26th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

कल्याणकारी कोषसम्बन्धी व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने :नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Gurung Management Overseas Pvt. Ltd.**

Govt. License 404/060/061

P.o.Box.:15142, Basundhara, Kathmandu, Nepal

Tel: +977-1-4386936,4388012,4388013, 4380659 Fax: +977-1-4386937

E-mail: gurungoverseas@gmail.com, info@gurungoverseas.com.np

Website : www.gurungoverseas.com.np



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FIRST CHOICE CLEANING SERVICES LLC

पूर्व स्वीकृति मिति २०७९/११/२३ | LT. No. 282069 | चलानी नं. ६०१९७६९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 20 | 25 | 800 | २८,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० कार्तिक ११ गते (28th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क:१०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Mobhira Overseas Service Pvt. Ltd.**

P.O. Box : 15142, K.P.C. : 283, Basundhara, Kathmandu, Nepal

Tel: +977 1 4359905/ 4385829/ 4385832, Fax: +977-1- 4353733/ 4386111

Govt. License 083/053/054

Email: mobhiraoverseas111@gmail.com, mobhiraoverseas222@gmail.com



## Mauritius'मा वैदेशिक रोजगारको अवसर

कम्पनी : THE VFORMULA LTD

पूर्व स्वीकृति मिति २०८०/०७/०२ | LT No. 294186 | चलानी नं. ६०२०९३४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Garment Workers (Finishing/ Cuttings/ Printings | 35 | 0 | 15000 | ४५०२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : THE WORLD OF FURNITURE LTD

पूर्व स्वीकृति मिति २०८०/०७/०२ | LT No. 294187 | चलानी नं. ६०२०९३४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Auto Machanic | 2 | 0 | 15000 | ४५०२४ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenters- Nepali Light License Holders | 6 | | 15000 | ४५०२४ | | | | | | | |
| 3 | Light Drivers (Nepali) | 2 | | 15000 | ४५०२४ | | | | | | | |

कम्पनी : V AMASAY AND WU COMPANY LIMITED

पूर्व स्वीकृति मिति २०८०/०७/०२ | LT No. 294180 | चलानी नं. ६०२०९३४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BARISTAS | 5 | 0 | 15000 | ४५०२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : GEMINI ASPHALTING SERVICES LTD

पूर्व स्वीकृति मिति २०८०/०७/०२ | LT No. 294195 | चलानी नं. ६०२०९३४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Driver | 3 | 0 | 15000 | ४५०२४ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | JCB Operator | 1 | | 15000 | ४५०२४ | | | | | | | |
| 3 | MASON | 6 | | 15000 | ४५०२४ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० कार्तिक ११ गते (27th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Access Partners Nepal Pvt. Ltd.**

Gov.Lic.No. : 1101/073/074

Tokha-10, Samakhusi, Kathmandu, Nepal Tel:+977-1-014956899

E-mail : mail@apnepal.com.np, Website : www.apnepal.com.np



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : X7 SALON COMPANY AND HEALTH INSTITUTE FOR MEN

पूर्व स्वीकृति मिति २०८०/०७/०२ | LT. No.294214 | चलानी नं.६०२०९३४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | MASSAGER / MASSAGIST | 25 | 0 | 150 | ६४५०९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL WATAN AL ARABI FACTORY

पूर्व स्वीकृति मिति २०८०/०७/०२ | LT. No.29423 | चलानी नं.६०२०९३४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANER/KITCHEN HELPER/PREPARER | 10 | 10 | 110 | ४७३०७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० कार्तिक ११ गते (28th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: नि:शुल्क कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Green Tara International Overseas Services Pvt. Ltd.**

श्रम ईजाजत नं. १०१८/०६८/०६९

Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015442013/14

Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL NEEFA CONTRACTING CO. LLC

पूर्व स्वीकृति मिति : २०८०/०७/०३ | LT. No. 294264 | चलानी नं. ६०२०९३५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव UAE | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Mason | 12 | 0 | 1000.00 | ३६२०२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Building Labor | 2 | 0 | 800.00 | २८९६२ | | | | | | | |
| 3 | Building Painters | 7 | 0 | 1000.00 | ३६२०२ | | | | | | | |
| 4 | Carpenter | 5 | 0 | 1000.00 | ३६२०२ | | | | | | | |
| 5 | CONCRETE MASON | 2 | 0 | 1000.00 | ३६२०२ | | | | | | | |
| 6 | electrician | 24 | 0 | 1000.00 | ३६२०२ | | | | | | | |
| 7 | ELECTRICIAN ASSISTANT | 1 | 0 | 1000.00 | ३६२०२ | | | | | | | |
| 8 | Painters | 10 | 0 | 1000.00 | ३६२०२ | | | | | | | |
| 9 | PLUMBER | 15 | 0 | 1000.00 | ३६२०२ | | | | | | | |
| 10 | STEEL FIXER | 17 | 0 | 1000.00 | ३६२०२ | | | | | | | |
| 11 | Stone Mason | 2 | 0 | 1000.00 | ३६२०२ | | | | | | | |
| 12 | Tile Layer | 3 | 0t | 1000.00 | ३६२०२ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० कार्तिक ११ गते (28th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Mass Human Resource Pvt. Ltd.**

Govt. License 938/067/068

Samakhusi, Ktm, Nepal, TEL: + 977-1-4983080, 4955765

Mobile: 9842381591, 9860684532



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल – बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मल: स्टेशनरी– गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोन: ०१-४२७६५३०, फ्याक्स:०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोन: ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफयाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - ११५५०० | प्रति तोला - ११४९५० | प्रति तोला - १४०० |



धान भित्र्याउन चटारो | काठमाडौंको टोखा नगरपालिका-२ स्थित चण्डेश्वरी खेतमा किसान धानबाली काट्दै थ्रेसिन मिसनबाट चुट्दै । *तस्बिरः हरिराम भेटुवाल/रासस*

## नवीकरणीय सौर्य ऊर्जा उत्पादनको तयारी

**देउखुरी (दाङ)**- नेपाल संस्कृत विश्वविद्यालय दाङको जग्गामा नवीकरणीय सौर्य ऊर्जा उत्पादनका लागि विदेशी लगानीकर्ता दाङ आएका छन् । नेपाल संस्कृत विश्वविद्यालयको देउखुरीस्थित राजपुर गाउँपालिका र गढवा गाउँपालिकामा रहेको जग्गामा सौर्य ऊर्जा उत्पादन गर्ने लक्ष्यसहित परियोजना सञ्चालन गर्न विदेशी लगानीकर्ता जिल्लामा आएको हो ।

नेपाल संस्कृत विश्वविद्यालय देउखुरी जग्गा सञ्चालक समितिले नयाँ परियोजना सम्बन्धमा बिहीबार दाङको घोराहीमा बृहत् छलफल कार्यक्रम गरेको छ । लामो समयदेखि विवादमा रहेको जग्गामा विदेशी लगानीसहितको परियोजना भित्रिन थालेपछि यसप्रति चासो बढेको छ ।

हालको समस्यालाई समाधान गरी एकीकृत रूपमा जग्गा उपयोगमा ल्याउन नयाँ परियोजना ल्याएर आम्दानीको स्रोत कायम गर्न विदेशी लगानीकर्तासँग सहकार्य गर्न विश्वविद्यालय अघि बढेको हो । वि.सं. २०५९ यता नेपाल संस्कृत विश्वविद्यालयले देउखुरीको राजपुर, लमही र गढवा क्षेत्रमा रहेको एक हजार ३३६ बिघा जग्गाबाट आयस्ता पाउन सकेको छैन ।

नेपाल संस्कृत विश्वविद्यालयको जग्गामा अहिले मोहियानी हक भएका, गैरमोही किसान तथा केही राजनीतिक आडमा जग्गा अतिक्रमण गरी बसेकाहरूले जग्गाको भोगाधिकार गरेबापत कुनै प्रकारको शुल्क र उत्पादन विश्व विद्यालयलाई दिने गरेका छैनन् ।

उक्त जग्गामध्ये ४०८ बिघा जग्गामा मोही किसान रहेको नेपाल संस्कृत विश्वविद्यालय बेलझुण्डीका कुलसचिव माधव अधिकारीले जानकारी दिए । मोही किसानलाई ४०८ बिघा जग्गा दिएर बाँकी रहेको जग्गा विश्वविद्यालयले उपभोग गर्ने गरी फिर्ता ल्याउनका लागि पटक-पटक प्रयास भए पनि सफल हुन नसकेपछि पछिल्लो समय एकीकृत रूपमा सबै जग्गा उपभोगमा ल्याउन विदेशी लगानीकर्तासँग सहकार्य गर्न कदम अघि बढाएको उनले बताए ।

अधिकारीले विदेशी कम्पनीहरूको नजर विश्वविद्यालयको जग्गामा बढी परेको बताए । लटीनाथ कृषि कम्पनी, एनआएनएको टोली, विद्युत् उत्पादन कम्पनीलगायतले जग्गा खोज्दै सम्पर्कमा आएको उनले बताए । कम्पनीले दाङसहित पश्चिम क्षेत्रलाई आधार बनाएर सोलार प्रणालीबाट सौर्य ऊर्जा गर्न करिब २२ अर्ब रूपैयाँ लगानी गर्न इच्छुक देखिएको डोल्मा हिमालयन इनर्जी लिमिटेड युकेका लगानी व्यवस्थापक दीपेन्द्र श्रेष्ठले जानकारी दिए ।

उक्त परियोजनाबाट २४५ डिसी क्षमतामा २० मेगावाट प्रतिघण्टा ऊर्जा उत्पादन गरी सीधै ग्रिडमा जोड्ने योजना रहेको लगानी व्यवस्थापक श्रेष्ठले जानकारी दिए । यो परियोजना देशभर सञ्चालन गर्दै ७५० मेगावाट सौर्य ऊर्जा उत्पादन गरी नेपाल विद्युत् प्राधिकरणलाई बिक्री गर्ने बताइएको छ ।

कम्पनीले उत्पादन गरेको ऊर्जा नेपाल विद्युत् प्राधिकरणले खरिद गर्ने प्रारम्भिक सहमतिसमेत भएको छ । जिल्लामा विदेशी लगानीसहितको परियोजना भित्र्याउन मन्त्रिपरिषद्बाट निर्णय भई लगानी बोर्डले पनि कामको प्रक्रिया अघि बढाउन अनुमति प्रदान गरिसकेको परियोजनाका कानुनी विज्ञ चिरञ्जीवी उपाध्यायले जानकारी दिए ।

उनका अनुसार देउखुरीको राजपुरमा प्रारम्भिक अध्ययन भएको र सौर्य उत्पादनका लागि सोलार रेडियसनको राम्रो सम्भावना देखिएको छ । डोल्पा हिमालयन इनर्जी लिमिटेडले नेपालमा अस्पताल, नवीकरणीय ऊर्जा, फर्मासिटिकल, लजिस्टिक क्षेत्रमा लगानी गर्दै आएको डोल्मा हिमालयन इनर्जी लिमिटेडका परियोजना व्यवस्थापक विवेक रञ्जनले जानकारी दिए ।

उनका अनुसार लगानी बोर्डबाट परियोजना सञ्चालनका लागि स्वीकृत भइसकेकाले स्थानीयस्तरमा कसरी अघि बढ्न सकिन्छ भनेर छलफल अघि बढाइएको बताइएको छ । परियोजना सञ्चालन गर्न नेपाल संस्कृत विश्वविद्यालयको करिब ८०० बिघा जग्गा प्रयोग गर्ने गरी सहकार्य गर्न लागिएको हो ।

विश्वविद्यालयले आफ्नो मातहतको जग्गालाई कसरी व्यवस्थापन गर्ने अधिकार भए पनि जग्गा उपभोग गर्दै आएका स्थानीय, राजनीतिक दलहरूको आडमा बसेका केही बिचौलियाको प्रभावका कारण ठोस कदम चाल्न सकेको छैन । यो बेलामा विदेशी लगानीकर्ताले दाङमा सौर्य ऊर्जा उत्पादन गर्न यति धेरै जग्गा लिन खोजेपछि विश्वविद्यालयले स्थानीयावासी, स्थानीय सरकार, राजनीतिक दल, सरोकार निकायको धारणा बुझ्ने कोसिस गरेको छ ।

बिहीबार सबैलाई एकै थलोमा राखेर नयाँ परियोजनाबारे जानकारी गराउँदै जग्गा उपभोगमा देखापरेको समस्याको गाँठो कसरी फुकाउन सकिन्छ भनेर राय सुझाव पनि लिइएको छ । बिहीबारको छलफलमा राष्ट्रिय सभा सदस्य अनिता देवकोटा, प्रतिनिधिसभा सदस्य मेनका पोखेल, राजपुर, घोराही, तुलसीपुरका स्थानीय तहका प्रमुख, प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुख, विश्वविद्यालयलाई जग्गा दान दिएका जग्गादाताका परिवार, राजनीतिक दलका प्रतिनिधिलगायतको उपस्थिति रहेको थियो । *रासस*

### उपभोक्तालाई थप सहुलियत

## खाद्यले घटायो खसी बोकाको मूल्य

■ प्रभाव संवाददाता

**काठमाडौं**- सरकारी स्वामित्वको खाद्य व्यवस्था तथा व्यापार कम्पनीले उपभोक्तालाई थप सहुलियत प्रदान गर्न खसीबोका तथा च्याङ्ग्राको मूल्य घटाएको छ । कम्पनीले जिउँदो खसीबोका तथा च्याङ्ग्राको मूल्यमा प्रतिकिलो १० रूपैयाँ छुट दिएको हो । कम्पनीले शुक्रबारदेखि जिउँदो खसीबोका प्रतिकिलो ६५० रूपैयाँ तथा च्याङ्ग्रा प्रतिकिलो एक हजार २२५ रूपैयाँमा बिक्री गर्न थालेको छ ।

खाद्यले यसअघि जिउँदो खसीबोका प्रतिकिलो १० रूपैयाँ छुट दिएर ६७० रूपैयाँ तथा च्याङ्ग्रा एक हजार २५० रूपैयाँमा बिक्री गर्दै आएको थियो । पशुचौपायाको खरिदबिक्रीमा उपभोक्ताको उल्लेख्य सहभागिता नदेखिएको र लामो समयसम्म खसीबोका तथा च्याङ्ग्रा पाल्दा खर्च बढ्ने भएकाले मूल्य घटाएर बिक्री गर्न लागिएको कम्पनीले जनाएको छ ।

उपभोक्तालाई थप सहुलियत दिने उद्देश्यले जिउँदो खसीबोका तथा च्याङ्ग्राको मूल्य घटाइएको कम्पनीकी सूचना अधिकारी शर्मिला न्यौपाने सुवेदीले बताइन् । खाद्यले गत असोज ३० गतेदेखि थापाथलीस्थित बागमती प्रादेशिक कार्यालयबाट खसीबोका तथा च्याङ्ग्रा बिक्री गर्दै आएको छ ।



खाद्यले मकवानपुर, दाङ र कैलालीबाट एक हजार ६५८ खसीबोका तथा रसुवाबाट ५५४ च्याङ्ग्रा खरिद गरेर ल्याएको थियो । हालसम्म ६३० वटामात्रै खसीबोका तथा च्याङ्ग्रा बिक्री भएको कम्पनीले जनाएको छ ।

अझै एक हजार ५८२ खसीबोका बिक्री हुन बाँकी छ । फूलपाती र अष्टमीमा खसीबोका तथा च्याङ्ग्राको बिक्री हुने गर्छ । 'आज, फूलपाती र अष्टमीमा खसी बोकाको बिक्री हुने हो, लामो समयम्म राख्दा दानापानी तथा स्याहार सुसारमा खर्च गर्नुपर्ने अवस्था आउने भएकाले उपभोक्ता मूल्यमा थप छुट दिइएको हो,' सूचना अधिकारी न्यौपानेले शुक्रबार भने ।

काठमाडौं उपत्यकामा उपभोक्तालाई सहुलियत मूल्यमा स्वस्थ खसीबोका तथा च्याङ्ग्रा उपलब्ध गराई मासुजन्य पदार्थको मूल्य स्थिरीकरण गर्ने उद्देश्यले कम्पनीले खसीबोका बिक्री गर्दै आइरहेको छ ।

## प्रति १० ग्राम दुई हजारले बढ्यो सुनको मूल्य

**काठमाडौं (प्रस)**- इजरायल-प्यालेस्टाइन द्वन्द्व र अमेरिकी डलरको विनिमय दर थप मजबुत भएका कारण विश्वबजारमा यस साता सुनको मूल्यमा उच्च अंकले वृद्धि भएको छ। विश्वव्यापीरूपमा भएको मूल्यवृद्धिको प्रभाव आन्तरिक बजारमासमेत परेको छ ।

नेपाली बजारमा पनि यो साताको पहिलो दिन आइतबार प्रति १० ग्राम ९६ हजार ८८० रूपैयाँ रहेको सुनको मूल्य साताको अन्तिम कारोबार भएको दिन शुक्रबार प्रति १० ग्राम ९९ हजार २५ रूपैयाँमा पुगेको छ । जुन साताको पहिलो दिनको तुलनामा अन्तिम दिन प्रति १० ग्राम दुई हजार १४५ रूपैयाँले बढी हो ।

इजरायल-प्यालेस्टिन द्वन्द्वको प्रभाव र अमेरिकी डलरको विनिमय दरमा भएको वृद्धिका कारण लगानीकर्ता सुरक्षित लगानीका रूपमा सुनतर्फ आकर्षित भएका कारणले सुनको मूल्य वृद्धिमा चाप परेको बताइएको छ ।

दुई साता अघिसम्म निरन्तर बढेको सुनको मूल्य त्यसयता अमेरिकी डलरको विनिमय दर लगभग स्थिर बन्दै गएपछि केही दिन घटेको थियो । द्वन्द्वका कारण कच्चा तेलको मूल्यमा समेत उतारचढाव आई त्यसको प्रभाव सुनको मूल्यमासमेत पर्नसक्ने विश्लेषकको अनुमान छ ।

यस्तै यस साता नेपाली बजारमा चाँदीको मूल्य पनि बढेको छ । साताको पहिलो दिन एक हजार १९२ रूपैयाँमा कारोबार भएको चाँदीको मूल्य साताको अन्तिम कारोबार भएको दिन शुक्रबार प्रति १० ग्राम एक हजार २०० रूपैयाँ पुगेको छ ।

## ऊर्जा क्षेत्रको दिगो विकासका लागि योजनाबद्ध प्रयास

**काठमाडौं (प्रस)**- ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले नेपालको ऊर्जा क्षेत्रको दिगो विकासका लागि सरकारले योजनाबद्ध प्रयास अगाडि बढाएको बताएका छन् ।

एसिया-प्रशान्त क्षेत्रको तेस्रो इनर्जी फोरमलाई शुक्रबार थाइल्याण्डको राजधानी बैंककमा सम्बोधन गर्दै मन्त्री बस्नेतले आगामी १२ वर्षभित्र थप २८ हजार मेगावाट बिजुली उत्पादन गर्ने लक्ष्यका साथ नेपाल सरकारले दीर्घकालीन नीति तर्जुमा गरेको बताए ।

हाल प्रणालीमा दुई हजार ८०० मेगावाट बराबरको बिजुली जोडिएको जानकारी दिँदै मन्त्री बस्नेतले नेपालमा नदी प्रवाह, अर्धजलाशय र जलाशयमा आधारित विद्युत् आयोजनाको अधिक सम्भाव्यता रहेको तथा सौर्य ऊर्जाको पनि उत्तिकै सम्भाव्यता रहेको जानकारी दिएको मन्त्री बस्नेतको सचिवालयले जनाएको छ ।

नेपालको भौगोलिक विविधताका कारण अफ ग्रिड प्रणालीको आवश्यक भएको उल्लेख गर्दै उनले साना र मझौला प्रकृतिका प्रसारण प्रणालीमार्फत नवीकरणीय ऊर्जाको वितरण भइरहेको बताए । ऊर्जा सुरक्षालाई नेपालले प्राथमिकतामा राखेको तथा खपत गरेर बचत भएको बिजुलीको व्यापारका लागि सीमापार व्यापारका प्रयासबारे जानकारी दिए ।

सरकारले आन्तरिक खपत बढाउनका लागि प्रसारण तथा वितरण लाइनको सुधार, प्रणालीको क्षमता वृद्धि, स्वच्छ ऊर्जा प्रवर्द्धन, स्वदेशी तथा विदेशी सार्वजनिक-निजी लगानी परिचालन गरी उत्पादन, प्रसारण, वितरण तथा व्यापार विस्तार चाहेको बताए । साथै, उनले नेपालको ऊर्जा क्षेत्रमा लगानीका लागि अन्तर्राष्ट्रिय लगानीकर्तालाई आह्वान गरे ।

नेपाल जलवायु परिवर्तनको उच्च जोखिममा रहेको जानकारी दिँदै वातावरणीय सुरक्षाका लागि पनि नवीकरणीय ऊर्जालाई नै प्राथमिकता दिएको उनले बताए । नेपालले सन् २०४५ सम्ममा कार्बन उत्सर्जनलाई शून्यमा झार्ने लक्ष्यका साथ काम गरिरहेको बताए । उनले जलवायु परिवर्तनका असर घटाउन अन्तर्राष्ट्रिय समुदायको साथ र सहयोगको नेपालले अपेक्षा गरेको बताए ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ